सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१६ मंसिर २०८०, शनिबार (2 Dec 2023, Saturday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २२२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

शरणार्थीका नाममा ठगी प्रकरण : रायमाझीसहितका हाइप्रोफाइल थुनामै, खाणबारे मत बाझियो

■ पुर्पक्षका लागि जो थुनामै रहने भए

काठमाडौं जिल्ला अदालतका न्यायाधीश प्रेमप्रसाद न्यौपानेको इजलासले १५ आरोपितलाई गत १ असारमा पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरेको थियो, जसमध्ये ६ जनालाई धरौटीमा छाड्न र बाँकीलाई थुनामै राख्न ठीक हुने उच्च अदालतको आदेश छ। '... लाई पुर्पक्षका निम्ति थुनामा राख्ने गरी भएको तहाँको अदालतको आदेश मिलेको नै देखिँदा परिवर्तन गरिरहनुपरेन,' उच्चको आदेशमा भनिएको छ।



■ जो धरौटी र साधारण तारेखमा छुट्ने भए

सन्दीप रायमाझी धरौटी : ३० लाख	**टेकनाथ रिजाल** धरौटी : १५ लाख	**रामशरण केसी** धरौटी : १५ लाख	**हरिभक्त महर्जन** धरौटी : १५ लाख	**नरेन्द्र केसी** धरौटी : १० लाख
शमशेर मियाँ धरौटी : १० लाख	**लक्ष्मी महर्जन** साधारण तारेख	**आशिष बुढाथोकी** साधारण तारेख	**टंककुमार गुरुङ** साधारण तारेख	**केशव तुलाधर** साधारण तारेख

शिल्पा कर्ण/नयाँ पत्रिका

नौ दिनसम्म लगातारको सुनुवाइपछि उच्च अदालत पाटनले बहुचर्चित नक्कली भुटानी शरणार्थी प्रकरणमा शुक्रबार मिश्रित आदेश सुनाएको छ। शरणार्थी नेता टेकनाथ रिजालसहित १० जनाको हकमा पुर्पक्षका लागि थुनामा पठाउने वा धरौटीमा छाड्ने गरी जिल्लाबाट भएको आदेश उल्ट्याएको छ। पूर्वमन्त्री तथा एमाले नेता टोपबहादुर रायमाझी, तत्कालीन गृहसचिव टेकनारायण पाण्डेसहितका 'हाइप्रोफाइल' नौजनालाई भने थुनामै राख्ने आदेश गरेको छ। पूर्वगृहमन्त्री तथा कांग्रेस नेता बालकृष्ण खाणको हकमा न्यायाधीशद्वय जनक पाण्डे र प्रकाश खरेलकै मत बाझिएपछि तेस्रो न्यायाधीश निर्णायक हुने भएका छन्।

भुटानी शरणार्थीका नाममा नेपाली नागरिकलाई अमेरिका पुऱ्याईदिने प्रलोभनमा करोडौं रकम ठगी गरेको खुलेपछि मुद्दा दर्ता भएको थियो। प्रहरीले ठगी, लिखत किर्ते, राज्यविरुद्धको कसुर तथा संगठित अपराधसम्बन्धी कसुरमा कुल ३० जनामाथि मुद्दा चलाएकोमा २० जनालाई अदालतमा उपस्थित गराएको थियो।

उच्च अदालत पाटनमा ५ मंसिरदेखि सुनुवाइ प्रारम्भ भएकोमा शुक्रबार संयुक्त इजलासले आदेश गरेको हो। जसअनुसार पूर्वमन्त्री रायमाझी र तत्कालीन गृहसचिव पाण्डेसँगै डा. इन्द्रजित राई, केशवप्रसाद दुलाल, सानु भण्डारी, सागर राई, गोविन्दकुमार चौधरी, सन्देश शर्मा र पूर्वसांसद आडटावा शेर्पा पुर्पक्षका लागि थुनामै रहनेछन्। उनीहरू सबैलाई १ असारमा जिल्ला न्यायाधीश प्रेमप्रसाद न्यौपानेको इजलासले पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरेको थियो, जसलाई उच्चले पनि सदर गरेको हो। भण्डारी र दुलाल यो ठगी प्रकरणका मुख्य योजनाकार हुन्।

उच्चले नरेन्द्र केसी, हरिभक्त महर्जन, हज समितिका अध्यक्ष शमशेर मियाँ, टोपबहादुरका छोरा सन्दीप रायमाझी, भुटानी शरणार्थी नेता रिजाल र रामशरण केसीलाई भने थुनामुक्त हुने बाटो खोलेको छ।

» पृष्ठ २ मा क्रमशः

खाणबारे दुई न्यायाधीशका दुई मत

अब तेस्रो न्यायाधीशसमक्ष पेस हुने

न्यायाधीश जनक पाण्डेको राय



खाणलाई थुनामा नै राखी मुद्दा पुर्पक्ष गर्नुपर्नेसम्मको आधार, कारण र अवस्थाको विद्यमानता रहेको नदेखिँदा निवेदक खाणलाई पुर्पक्षका लागि थुनामा राख्ने गरी भएको आदेश बेरितको देखिँदा बदर गरिदिएको छ। पछि प्रमाण परीक्षण र मूल्यांकन गर्दै जाँदा ठहरेबमोजिम नै हुने देखिँदा हाललाई ३० लाख धरौटी लिई तारेखमा राखी मुद्दा पुर्पक्ष गरी नियमानुसार गर्नू।

● न्यायाधीश प्रकाश खरेलको राय



प्रतिवादी खाण अहिले नै निर्दोष रहेछन् भने पनि विश्वास गर्न मिल्ने मनासिव आधार नदेखिएको हुँदा माननीय न्यायाधीश जनक पाण्डेबाट निज प्रतिवादीलाई ३० लाख धरौटी लिई मुद्दाको पुर्पक्ष गर्ने गरी भएको आदेशसँग सहमत हुन सकिएन। काठमाडौं जिल्ला अदालतबाट भएको आदेश (थुनामै राख्ने) मनासिव देखिँदा परिवर्तन गरिरहनुपरेन। कानुनबमोजिम गर्नू।

नयाँ पत्रिका

पूर्वगृहमन्त्री तथा कांग्रेस नेता बालकृष्ण खाणलाई थुनामा राख्ने, धरौटीमा वा साधारण तारेखमा छाड्ने विषयको निर्णय अर्को इजलासले गर्ने भएको छ। शुक्रबारको इजलासमा न्यायाधीश जनक पाण्डे र प्रकाश खरेलको राय बाझिएपछि तेस्रो न्यायाधीशले निर्णय गर्ने भएका हुन्।



उच्चका न्यायाधीश जनक पाण्डेले खाणलाई ३० लाख धरौटीमा छाड्न सकिने राय व्यक्त गरेका छन्। पीडितहरूसँग रकम लिएको भनी खाणको नाम नमुछिएको, सबैतिर इन्कारी बयान गरेको, सहप्रतिवादीहरूबाट पोल नभएको र टेकनारायण पाण्डेले समेत शरणार्थीसम्बन्धी प्रतिवेदनमा खाणको चासो नरहेको भनेकाले उनलाई छाड्ने निर्णय पाण्डेले गरेका हुन्।

तर, जाहेरवाला प्रेमराज पन्थीले तत्कालीन गृहमन्त्री खाणको नाम लिएका थिए। यसलाई 'पछि प्रमाण र मूल्यांकन गर्दै जाँदा ठहरेबमोजिम हुने' भन्दै न्यायाधीश पाण्डेले रायमा उल्लेख गरेका छन्।

अर्का न्यायाधीश प्रकाश खरेलले भने जिल्लाकै आदेश सदर गर्ने गरी निर्णय दिएका छन्। गृहसचिव टेकनारायण पाण्डे र केशव दुलालको मोबाइलको मेसेज हेर्दा खाणलाई तत्काल छाड्न नहुने राय उनको छ। नरेन्द्र केसीलाई गृहसचिव पाण्डेले लेखिदिएको कागज, आडटावा शेर्पाको घटना विवरण, पाण्डेको अनुसन्धान अधिकारीसमक्षको तितम्बा बयानलाई आधार मान्दै खरेलले खाणलाई थुनामै राख्नुपर्ने गरी आदेश गरेका छन्।

उच्च अदालत नियमावलीको नियम १२ मा भएको व्यवस्थाअनुसार तेस्रो न्यायाधीशले व्यक्त गर्ने निर्णय नै इजलासको अन्तिम निर्णय मानिन्छ। 'यसमा मतैक्यता हुन नसकेको भनेर फरक रायको प्रतिवेदन

» पृष्ठ २ मा क्रमशः

■ एनसेलको ८०% सेयर बेचेर बाहिरियो आजियाटा

१ खर्ब ४३ अर्बमा किनेको सेयर सात वर्षपछि ६ अर्ब ६६ करोडमा बिक्री

- एनसेलकै २० प्रतिशत हिस्सेदार रहेका सतिशलाल आचार्यको बेलायतमा दर्ता भएको स्पेक्ट्रलाइट युके लिमिटेडसँग ८० प्रतिशत सेयर खरिद-बिक्री सम्झौता
- 'बिजसेन डिल'को प्रक्रिया र पारदर्शितामाथि नियमनकारी निकायको चासो
- सेयर बिक्री गर्ने निर्णयविरुद्ध रिट, दुवै पक्षलाई उच्च अदालत पाटनले बोलायो छलफलमा

नवीन अर्याल, पवन तिमिल्सिना

मलेसियन टेलिकम कम्पनी आजियाटा ग्रुप बर्हादले एनसेलमा रहेको आफ्नो ८० प्रतिशत हिस्सा (सम्पूर्ण सेयर) बेलायतको कम्पनी स्पेक्ट्रलाइट युके लिमिटेडलाई बिक्री गर्ने भएको छ। आजियाटाले शुक्रबार वक्तव्य जारी गर्दै स्पेक्ट्रलाइटसँग एनसेलको सेयर 'खरिद-बिक्री सम्झौता' भइसकेको सार्वजनिक गरेको छ।

आजियाटाले एनसेलको सेयर बिक्री गरेर नेपालबाट बहिर्गमन गर्न लागेको जानकारी गराएको छ। तर, नियमनकारी निकायले यो 'बिजसेन डिल'को प्रक्रिया र पारदर्शितामाथि चासो राखेका छन्।

आजियाटा समूहले एनसेलमा रहेको आफ्नो सेयर हिस्सा पाँच करोड अमेरिकी डलर अर्थात् ६ अर्ब ६६ करोड नेपाली रुपैयाँमा बिक्री गरेको बताएको छ। सन् २०१६ मा एक अर्ब ३६ करोड ५१ लाख डलर (तत्कालीन समयको विनिमय दरअनुसार करिब एक खर्ब ४३ अर्ब रुपैयाँ) मा टेलियासोनेरासँग ८० प्रतिशत सेयर खरिद गरेर आजियाटा एनसेलमा भित्रिएको

» पृष्ठ २ मा क्रमशः

नियामकलाई जानकारी नगराई किनबेच हुनु कानुनविपरीत हुन्छ



● **पुरुषोत्तम खनाल**
अध्यक्ष, नेपाल दूरसञ्चार प्राधिकरण

आजियाटा एनसेलबाट बाहिरिने घोषणा गरेपछि हामीले शुक्रबार दूरसञ्चार नियमावलीअनुसार नियामक निकायलाई पूर्वजानकारी गराएर मात्रै खरिद-बिक्री गर्न एनसेललाई पत्राचार गरेका छौं। अहिले सेयर खरिद-बिक्री घोषणा मात्र भएको बुझिन्छ। किनबेच हुँदा किन्ने र बिक्री गर्ने कम्पनी नियामक निकायसम्म आइपुग्छन् भन्ने विश्वास छ। नियामकलाई जानकारी नगराई कुनै पनि सेवाप्रदायकको सेयर खरिद-बिक्री कानुनविपरीत हुन जान्छ।

अझै सेयर लगत हेरफेर भएको छैन



● **महेश बराल**, रजिस्ट्रार, कम्पनी रजिस्ट्रारको कार्यालय

एनसेल खरिद-बिक्रीको समाचार बाहिर आइरहेका छन्। तर, हाम्रो औपचारिक जानकारीमा आएको छैन। सेयरको लगत कम्पनी रजिस्ट्रारको कार्यालयले राख्ने हो। अहिलेसम्म यहाँ रजिस्टर भएको सेयरको कुनै हेरफेर भएको छैन। होल्डिङ कम्पनीहरू बाहिर नै किनबेच भएको भए त्यो हाम्रो जानकारीमा आउँदैन। नेपालमा कारोबार नभए हाम्रो ऐन-कानुनअनुसार कम्पनी रजिस्ट्रारको क्षेत्राधिकारमा पर्दैन।

नियमानुसार लाग्ने कर तिर्नैपर्छ



● **दीर्घराज मैनाली**, महानिर्देशक, आन्तरिक राजस्व विभाग

एनसेलको सेयर खरिद-बिक्री जुनसुकै देशमा जसरी भए पनि नेपालको कानुन पालना गर्नैपर्छ। नियमानुसार लाग्ने कर तिर्नैपर्ने हुन्छ। यसअघि पनि एनसेलको घटना घटिसकेको छ। सेयर बेचेर बहिर्गमन भएमा आजियाटाले बिक्री मूल्यसहित यति कर तिर्छु भनेर स्वघोषणा गर्नुपर्छ। करदाताको स्वघोषणापछि ठूला करदाता कार्यालयले कम्पनीका सबै फाइल अध्ययन गर्छ। अनि मात्र करदाताले कति तिर्नुपर्छ भनेर वास्तविक करको टुंगो लगाउँछ।

कोप सम्मेलनमा राष्ट्रसंघीय महासचिवले उठाए नेपालको चासो

प्रधानमन्त्री प्रचण्डले भने- **नेपालप्रति अन्तर्राष्ट्रिय चासो बढ्यो**

पर्शुराम काफ्ले/नयाँ पत्रिका



संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले शुक्रबार जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय सम्मेलन (कोप-२८) को उद्घाटन समारोहमा नेपालमा हिमनदी पग्लेको विषयलाई विश्वसामु उठाएका छन्। विश्वका एक सय ८० मुलुकका ५० हजार प्रतिनिधिमाझ दुबईमा आयोजित कोप-२८ उद्घाटन समारोहमा अन्टार्टिका र नेपालमा हिउँ पग्लेको विषय सुरुमै उठाएर विश्वको ध्यानाकर्षण गराएका हुन्।

'केही दिनअघि अन्टार्टिकाको बरफमा थिएँ। केही समयअघि नेपालको पश्चिमहेका हिमनदीमाझ थिएँ,' कोप-२८ उद्घाटन सम्बोधनको सुरुवातमै महासचिव गुटेरेसले भने, 'यी दुई ठाउँ धेरै टाढा छन्, तर संकटमा एकताबद्ध छन्। ध्रुवीय बरफ र हिमनदीहरू हाम्रो

» पृष्ठ २ मा क्रमशः

उद्घाटन समारोहमा संयुक्त राष्ट्रसंघका महासचिवले जलवायु परिवर्तनको प्रभाव नेपाल र अन्टार्टिकामा परेको भन्ने अभिव्यक्ति दिएबाट नेपाल विश्वकै नजरमा परेको पुष्टि भएको छ।

वर्तमान युवा पुस्ता र भावी सन्ततिको जीवनका लागि गम्भीर छु। जलवायु परिवर्तनबाट परेको असरको क्षतिपूर्तिबापत नेपाललेविशेष प्राथमिकता पाउनुपर्ने अधिकार राख्छ भन्ने कुरा बिस्तारै स्थापित हुनेछ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

झन्नयाँ

राजतन्त्रमा सब ठीक, गणतन्त्र आएपछि बिग्रियो भन्नु गलत हो



संवाद

डा. भेषबहादुर थापा, पूर्वराजदूत

कतारमा दुई दशक बिताएका शत्रुघन भन्छन्-

शेखको खेतबारी छाडेर नेपाल जान्न



भयावह बन्दै एक्लोपन

भारती मिश्र नाथ

गाउँमा हात्ती पस्न थालेपछि बाली भित्र्याउनै मुस्किल

झापाको पश्चिमी क्षेत्रमा पनि हात्तीको त्रास, बाली जोगाउन रातभर सुत्दैनन् स्थानीय



हात्ती खेदाउन तयारी अवस्थामा रहेका दमक- ३ का स्थानीय



दमक- ३ स्थित दुम्से क्षेत्रमा देखिएको हात्ती। गाउँमा हात्ती पस्न थालेपछि बाली भित्र्याउनै मुस्किल हुने गरेको दमक- ३ का बुद्धिमान तामाङले बताए। 'खासगरी बाली उठाउने वेलामा हात्ती आउने गरेको छ। हात्ती आएपछि रातभर जाग्राम बस्नुपर्छ। नभए त धान सबै खाइदिन्छ,' उनले भने, 'हात्ती गाउँ पसेपछि घर नै भत्काउने गरेको पनि छ। हात्तीका कारण ज्यान जोगाउन नै मुस्किल भयो।'

झापामा **चिरञ्जीवी घिमिरे**

विगतमा झापामा जंगली हात्ती प्रभावित क्षेत्र भन्नेबित्तिकै पूर्वी सीमावर्ती बस्ती बाहुनडाँगीको नाम अगाडि आउँथ्यो। तर, अहिले झापाको उत्तर-पश्चिम क्षेत्रमा पनि हात्तीले स्थानीयलाई हैरानी दिएको छ। जंगलनजिकैका पश्चिमी क्षेत्रमा दैनिकजसो हात्ती आएर स्थानीयको घर भत्काइदिनेदेखि ज्यानै लिनेसम्म भइरहेको छ। हात्ती धपाउन स्थानीय रातभर जाग्राम बस्ने गरेका छन्।

केही वर्षयता बाली पाक्ने वेलामा आउने जंगली हात्तीका कारण स्थानीयले हैरानी भोग्नुपरेको छ। झापाको पश्चिमी क्षेत्र दमक

» पृष्ठ २ मा क्रमशः

चिहान पुगेको राजतन्त्र फर्कन सक्दैन : ओली

डडेल्धुरामा **नवराज पनेरू**, डोटीमा **कर्ण चन्द**

एमाले अध्यक्ष केपी ओलीले मरेको राजतन्त्रको चिहान खनेर फेरि ल्याउने प्रयास भइरहेको बताएका छन् । 'समृद्धिका लागि संकल्प यात्रा'अन्तर्गत डडेल्धुरामा शुक्रबार आयोजित सन्देश सभालाई सम्बोधन गर्दै उनले चिहानबाट राजतन्त्र फर्काउन भूतप्रेतवादी तत्त्व सलबलाएको बताए । तर, त्यस्तो षड्यन्त्र पूरा नहुने उनको दाबी गरे ।

'सरकार कमजोर हुँदा कतिपय प्रतिगामी शक्तिहरू टाउको उठाउन खोजिरहेका छन्,' ओलीले भने, 'देशको कुभलो चाहनेहरू, नेपाली जनताको एकता देख्न नसक्नेहरू, देशमा शान्ति सुव्यवस्था भएको देख्न नचाहनेहरू नेपाली जनताका बीचमा वैमनष्यता, झैझगडा लगाउन खोजिरहेका छन् ।' ओलीले पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकार केही समयमा आफैँ ढल्ने दाबीसमेत गरे । 'प्रचण्ड नेतृत्वको यो सरकार कसैले ढाल्नुपर्दैन,' ओलीले भने, 'यो सरकार हल्लिराख्या छ । चऱ्याकमऱ्याक, मऱ्याकमऱ्याक भइराख्या छ । यो सरकार आफैँ ढल्न पनि सक्छ ।'

जनताको समस्या पहिचान गर्न र समस्या समाधान गर्नका लागि एमालेले मध्यपहाडी लोकमार्ग अभियान सुरु गरेको उनले बताए । मध्यपहाडी लोकमार्ग पदयात्राको क्रममा डोटीमा आयोजित आमसभालाई सम्बोधन गर्दै अध्यक्ष ओलीले कार्यकर्तालाई धन्यवाद दिए । प्रचण्ड-माधवको षड्यन्त्र हुँदा पनि पार्टीलाई जनताले जोगाएको भन्दै उनले धन्यवाद दिएका हुन् । 'सबै षड्यन्त्रलाई परास्त गरेर पार्टी जोगिएको छ,' उनले भने, 'पार्टी फेरि पहिलेकै ठाउँमै आएको छ । देशी-विदेशी सारा शक्ति लगाएर पार्टीलाई सिध्याउन लाग्दा पनि पार्टी सकिएन ।'

उनले एकताबद्ध भएर अगाडि बढ्न कार्यकर्तालाई निर्देशन पनि दिए । 'प्रचण्ड षड्यन्त्र भए, माकुने षड्यन्त्र भए, अरू षड्यन्त्र भए, तर ती सबै षड्यन्त्रलाई पराजित गरेर पार्टी जोगाउनुभएको छ । अब थप एकताबद्ध भएर अगाडि बढ्नुहोस्,' उनले भने । उनले गठबन्धन सरकार भ्रष्टाचार गर्ने अराजकतालाई नजानिँदो तरिकाले संरक्षण गर्ने नीतिमा चलेको आरोप लगाए ।

सरकार कसको नीतिमा चलेको छ भन्ने प्रश्न गर्दै उनले भने, 'माओवादीले कांग्रेस बोकेर क्रान्ति गर्ने, ढकिया बोकेर क्रान्ति गर्ने अनि माओवादीलाई काँधमा बोकेर कांग्रेसले लोकतन्त्र ल्याउने ? खोइ उहाँहरूको नीति ? कसको नीतिमा चल्दै छ अहिलेको सरकार ? प्रचण्डको नीतिमा कि शेरबहादुरको नीतिमा, कि माधवको नीतिमा ?' एमालेले बैतडीको झुलाघाटबाट बिहीबारदेखि मध्यपहाडी लोकमार्गकेन्द्रित विशेष अभियान सुरु गरेको हो ।

राष्ट्रिय सभा निर्वाचन कार्यतालिका सार्वजनिक

२९ मंसिरसम्म दल दर्ता, ११ माघमा ९-३ बजेसम्म मतदान

काठमाडौं/ निर्वाचन आयोगले ११ माघमा तोकिएको राष्ट्रिय सभा सदस्यको चुनावका लागि निर्वाचन कार्यतालिका सार्वजनिक गरेको छ । आयोगबाट स्वीकृत कार्यतालिकाअनुसार २४-२९ मंसिरसम्म दल दर्ता गर्नुपर्नेछ ।

निर्वाचनमा भाग लिने राजनीतिक दल दर्ताका लागि २२ गते सूचना प्रकाशन हुने आयोगले जनाएको छ । दल दर्ता भएपश्चात् १ पुसमा दललाई निर्वाचन चिह्न प्रदान गरी ४ पुसमा स्वीकृत दलको नामावली नेपाल राजपत्रमा प्रकाशनार्थ पठाइने आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताए ।

उनका अनुसार १६ पुसमा निर्वाचन अधिकृतको नियुक्ति र सोही दिन सातै प्रदेश निर्वाचन कार्यालयमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्ने कार्यक्रम छ । २०-२८ पुससम्म निर्वाचन अधिकृतको कार्यालयमा निर्वाचन कार्यक्रम सञ्चालन हुनेछ । ११ माघको दिन बिहान ९ देखि अपराह्न ३ बजेसम्म मतदानको कार्य सञ्चालन हुने प्रवक्ता पौडेलले जानकारी दिए । 'सरकारबाट निर्वाचनको मिति घोषणा भएपश्चात् निर्वाचन सम्पन्न गर्ने प्रयोजनका लागि आयोग आवश्यक सबै तयारीमा लागेको छ,' पौडेलले भने ।

मोटरसाइकल हरायो

मिति २०८०/८/१३ गते टोखा नपा. वडा नं. ८, बानियाटारबाट अन्दाजी १४:०० बजेको समयमा मेरो निम्न व्यहोरा भएको सेतो रंगको **200 NS CC** पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला ।

नाम : राकेश साही
मो.सा.न.: बा प्र. ०२-०३७ प ७०७०
चेसिस न. : MD2A36FX8MCH95870
इन्जिन न. : JLXCMH22852
सम्पर्क न. : 9841519289

सिङ्गापुर गोर्खा पोलिक्लिनिक लिमिटेडको बार्षिक साधारणसभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०८/१६

यस सिङ्गापुर गोर्खा पोलिक्लिनिक लिमिटेडको सञ्चालक समितिको २०८०/०७/२२ मा बसेको बैठकको निर्णयानुसार यस कम्पनीको बार्षिक साधारणसभा निम्न बिषयहरु उपर छलफल हुने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिको लागि सादर अनुरोध छ ।

सभा बस्ने मिति, समय र स्थान
मिति : २०८० साल पुष ७ गते शनिबार (तदअनुसार डिसेम्बर २३, २०२३)
समय: दिनको १०:०० बजे
स्थान: क्रिष्टल व्याङ्क्वेट मानभवन ललितपुर ।

प्रस्ताव तथा छलफलका विषयहरू :
१. कम्पनीको आ.ब.२०७९/०८० को प्रगती विवरण प्रतिवेदन सम्बन्धमा ।
२. कम्पनीको आ.ब.२०७९/०८० को लेखापरिक्षक प्रतिवेदन सम्बन्धमा ।
३. आ.ब. २०८०/०८१ को कम्पनीको लेखापरिक्षकको नियूक्ति गर्ने सम्बन्धमा ।
४. सञ्चालक समितिको गठन सम्बन्धमा ।
५. विविध सम्बन्धमा ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

सिन्धुपाल्चोक हाइड्रोपावर कम्पनी लिमिटेडको वार्षिक साधारणसभा सम्बन्धी सूचना

दोस्रो पटक सूचना प्रकाशित मिति : २०८०/८/१६

यस कम्पनीको सञ्चालक समितिको बैठकको निर्णयअनुसार कम्पनीको वार्षिक साधारणसभा निम्न लिखितन मिति, स्थान र समयमा बस्ने भएको हुँदा सेयर धनी महानुभावहरूको जानकारी लागि कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

साधारणसभा बस्ने मिति, स्थान र समय :
मिति : २०८०/०९/२१
स्थान: कोटेश्वर-३२ (कम्पनीको कार्यालय)
समय: ११:०० बजे

वार्षिक साधारण सभामा छलफल हुने निर्णयहरू
१. आ.व. २०७९/०८० को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने
२. आ.व. २०७९/०८० को लेखा परीक्षण प्रतिवेदन सहितको वासलात तथा नाफा नोक्सान हिसाब पारित गर्ने ।
३. आगामी आ.व. २०८०/०८१ को लागि लेखा परीक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमीक निर्धाराण गर्ने ।
४. निर्णय पुस्तिकामा हस्ताक्षर गर्न सञ्चालक माध्यमबाट १ जना, सेयर धनीका माध्यमबाट २ जना गरी ३ जना प्रतिनिधि तोक्ने
५. विविध

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

भूकम्प प्रभावित चार जिल्लामा १८ हजार अस्थायी आवासका लागि अनुदान निकासा

नयाँ पत्रिका

भूकम्प प्रभावित चार जिल्लामा १८ हजार अस्थायी आवासका लागि पहिलो किस्ताबापतको अनुदान रकम निकासा भएको छ । राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार शुक्रबारसम्म रुकुम पश्चिम, जाजरकोट, बझाङ र बाजुराका १८ हजार ३२८ लाभग्राहीका लागि पहिलो किस्ताबापत २५ हजारका दरले ४५ करोड ८२ लाख निकासा भएको हो

'लाभग्राही छनोटका आधारमा जिल्लास्थित विपत् व्यवस्थापन समितिको निर्णयअनुसार पालिकाको स्थानीय विपत् समितिमा पैसा निकासा भएको छ, पालिकाले पनि सम्बन्धित लाभग्राहीको खातामा पैसा जम्मा गरिरहेका छन्,' प्राधिकरणका प्रवक्ता ध्रुवबहादुर खड्काले भने । बैंक खाता नरहेकालाई भने नगद दिइने गरिएको छ । प्राधिकरणका अनुसार सबैभन्दा बढी रुकुम पश्चिममा १४ हजार २२४ लाभग्राहीका लागि ३५ करोड ५६ लाख अनुदान रकम निकासा भएको छ । त्यहाँ १४ हजार २२४ लाभग्राही छनोट कायम भए पनि रकम निकासाको प्रक्रियामा छ । रुकुम पश्चिममा १२ मंसिरबाट अनुदान निकासा सुरु भएको हो ।

जाजरकोटमा नौ हजार ११६ लाभग्राही कायम भइसकेका छन् । तर, अहिलेसम्म तीन हजार ३०९ अस्थायी आवासका लागि आठ करोड २७ लाख २५ हजार निकासा भएको छ । १७ कात्तिकमा जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु भएर गएको ६.४ म्याग्निच्युडको भूकम्पका कारण जाजरकोट, रुकुम पश्चिम र सल्यानमा ६२ हजार घरमा पूर्ण र आंशिक क्षति पुगेको तथ्यांक छ । त्यस्तै, १६ असोजमा बझाङ केन्द्रबिन्दु भएर गएको ६.३ म्याग्निच्युडको भूकम्पका कारण घरबाहिर पुगेका लागि पनि अस्थायी आवास बनाउन रकम निकासा सुरु भएको छ । प्राधिकरणका अनुसार बझाङमा पाँच सय ७७ लाभग्राहीका लागि एक करोड ४४ लाख २५ हजार र बाजुरामा दुई सय १४ लाभग्राहीका लागि ५४ लाख ५० हजार निकासा भएको छ । बझाङमा दुई हजार ३६ र बाजुरामा एक हजार ३९६ लाभग्राही छनोट भइसकेका छन् । यो भूकम्पले तीन हजार १४८ घर पूर्ण र ११ हजार २२४ घरमा आंशिक क्षति पुगेको थियो ।

विपत् प्राधिकरणले अस्थायी आवासका लागि पहिलो किस्ताबापत रुकुम पश्चिम र जाजरकोटमा ५०-५० करोड, बझाङमा २५ करोड, बाजुरामा १४ करोड र सल्यानमा दुई करोड गरी एक अर्ब ४१ करोड ४ मंसिरमा निकासा गरेको थियो । भूकम्पबाट प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि, २०८० अनुसार पालिकाबाट आवश्यक प्रक्रिया पूरा भई समितिमा प्राप्त परिवारलाई पहिलो किस्ताबापतको रकम निकासा भइरहेको हो । स्थानीय विपत् समितिबाट प्रहरी मुचुल्का, वडाको सिफारिसलगायत प्रक्रिया पूरा भई निर्णय भएर आए तत्कालै जिल्ला विपत् कोषमा रहेको रकम पठाउने व्यवस्था कार्यविधिमा छ ।

२६ कात्तिकमा कार्यविधि स्वीकृत गर्दा जिल्ला विपत् समिति र काठमाडौंस्थित विपत् प्राधिकरणबाट पनि लाभग्राही प्रमाणित भएपछि अनुदान निकासा गर्ने व्यवस्था थियो । विपत् व्यवस्थापन कार्यकारी समितिको १० मंसिरको बैठकले कार्यविधि संशोधन गरेर पालिकाबाट प्राप्त लाभग्राहीको संख्याका आधारमा रकम निकासा गर्ने व्यवस्था गरिएपछि सहज भएको हो । दोस्रो किस्ताबापतको थप २५ हजार भने घरको छानो हाल्ने तहसम्म पुगेपछि वा निर्माण सकिएपछि मात्र पाइनेछ ।

सल्यानमा बल्ल लाभग्राही छनोट

सल्यानमा भने अझै अनुदान निकासा सुरु भएको छैन । सल्यानका सहायक प्रमुख जिल्ला अधिकारी थमन खड्काले पालिकाबाट लाभग्राही छनोट भएर विवरण प्राप्तिको क्रममा रहेकाले रकम निकासा नभएको बताए । 'केही संख्यामा विवरण आएको छ, उहाँहरूका लागि अनुदान रकम चाँडै निकासा हुन्छ,' उनले भने । प्राधिकरणका अनुसार सल्यानमा शुक्रबार मात्र एक हजार ४८५ लाभग्राही कायम भएका छन् ।

शरणार्थीका नाममा...

पृष्ठ १ बाट क्रमशः

जिल्ला न्यायाधीश न्यौपानेले उनीहरूलाई पनि थुनामा पठाएकोमा तत्काल प्राप्त प्रमाणका आधारमा उच्चले धरौटीमा रिहा गर्ने गरी जिल्लाको आदेश बदर गरेको हो ।

नरेन्द्र केसीलाई जाहेरवाला र घटना विवरणको कागज गर्ने पीडितहरूले पैसा दिएको, ठगी गरेको भनी उल्लेख नगरेकाले र सहप्रतिवादीहरूले पनि पोल नगरेका कारण तथा अनुसन्धान अधिकारी र अदालतमा पनि इन्कारी बयान दिएकाले धरौटीमा छाड्ने निर्णयमा इजलास पुगेको हो । केशव दुलाल र टेकनारायण पाण्डेबीचको मेसेजमा केसीको नाम उल्लेख गरेको विषयलाई 'पछि बुझ्दा ठहरेबमोजिम हुने गरी' उच्चले बेवास्ता गर्दै १० लाख धरौटी माग गरेको हो ।

जिल्लाको आदेशबाट थुनामै रहेका हरिभक्त महर्जनलाई भने उच्चले १५ लाख धरौटीमा रिहा गरेको छ । उनलाई रिहा गर्ने कारण पनि नरेन्द्रजस्तै छ । हरिभक्तकी श्रीमती र नेपाल प्रहरीमा कार्यरत लक्ष्मी महर्जनलाई जिल्लाले धरौटीमा रिहा गरेकोमा उच्चले साधारण तारेखमा छाडेको छ । लक्ष्मीको खाता हरिभक्तले प्रयोग गर्ने गरेको भनी कागज गरेको विषयलाई उच्चले आधार मानेको हो ।

हज समितिका अध्यक्ष शमशेर मियाँले प्रयोग गर्ने सरकारी गाडी ठगीको रकम ओसारपसार गर्न प्रयोग भएको भन्दै मुद्दा चलाइएकोमा उनलाई पनि उच्चले तत्काल १० लाख धरौटीमा रिहा गरिदिएको छ । अर्का प्रतिवादी आशिष बुढाथोकीलाई जिल्ला अदालत काठमाडौंका न्यायाधीश दयाराम ढकालको इजलासले १५ असारमा थुनामा पठाउने आदेश गरेको थियो । यसलाई पनि उच्चले बदर गर्दै बुढाथोकीलाई साधारण तारेखमा राखेको छ ।

ठगीको रकम उनको नामको खातामा जम्मा भएको प्रहरी अनुसन्धानले देखाएपछि उनलाई पनि प्रतिवादी बनाइएको थियो । तर, यसरी प्राप्त रकम केशव दुलालकी श्रीमती दीपा हुमागाईंको खातामा ट्रान्सफर भएको देखिएका कारण कसुरमा संलग्नता तत्काल नदेखिएको ठहर इजलासको छ ।

टोपबहादुरका छोरा सन्दीप रायमाझीले पीडितहरूसँग रकम बुझेको नदेखिएको र इन्कारी बयान दिएको भन्दै उच्चले ३० लाख रुपैयाँ धरौटी लिई उनलाई छाड्न आदेश गरेको छ । भुटानी शरणार्थी नेता टेकनाथ रिजालले पनि उसैगरी इन्कारी बयान दिएको, कसुरमा प्रत्यक्ष संलग्नता पुष्टि नभएको, ७६ वर्षको ज्येष्ठ नागरिक देखिएको, निर्वासित जीवन बिताइरहेकाले अर्को देश भागेर जाने अवस्था नदेखिएको र मानसिक स्वास्थ्यमा समस्या देखिएको आधारमा १५ लाख रुपैयाँ धरौटीमा रिहा गरेको हो ।

जिल्ला अदालतले टंकबहादुर गुरुङलाई धरौटी माग गरी छाड्ने आदेश गरेकोमा उच्चले गुरुङको होटेलमा प्रतिवादीहरू आएको र बैठक गरेको कारणले मात्र थुनामा राख्न नहुने भन्दै सरकारी पक्षको मागविरुद्ध साधारण तारेखमा छाडेको छ । केशव तुलाधरलाई जिल्ला अदालतका न्यायाधीश माधवप्रसाद घिमिरेले ३१ असारमा धरौटी माग गर्ने आदेश गरेका थिए । यसलाई उल्ट्याउँदै उच्चले साधारण तारेखमा रिहा गर्ने आदेश गरेको छ ।

जिल्लाको आदेशले थुनामा रहेका अर्का प्रतिवादी रामशरण केसीलाई उच्चले १५ लाख रुपैयाँ धरौटीमा रिहा गरेको छ । उनी आफू पनि ठगीपीडित रहेको र अमेरिका जान सानु भण्डारीलाई पैसा बुझाएको तथा ठगिएको जानकारी पाएपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी गरेको विषयलाई आधार मान्दै उच्चले जिल्लाको आदेश बदर गरेको हो ।

खाणबारे...

पृष्ठ १ बाट क्रमशः

तयार भएपछि उहाँहरू दुई न्यायाधीशबाहेकको अर्को एकजना न्यायाधीशसमक्ष पेस हुन्छ । यसका लागि छुट्टै पेसी तोकिन्छ । त्यहाँबाट उहाँहरू दुईमध्ये जसको रायसँग तेस्रो सहमत हुनुहुन्छ त्यसैअनुसार अन्तिम निर्णय आउँछ,' पाटनका उपरजिस्ट्रार तीर्थराज भट्टराईले भने । गृहमन्त्री खाणले विवादित नामसमेत समावेश रहेको बालकृष्ण पन्थी प्रतिवेदन कार्यान्वयनको प्रस्ताव मन्त्रिपरिषद्मा लान स्वीकृति दिएकोलगायतका कारणबाट जिल्ला अदालतले १ असारमा थुनामा पठाउने आदेश गरेको थियो । खाणले पुनः छुट शरणार्थीका लागि भन्दै कार्यदल गठन गरेको तथा कार्यदलको म्याद थप गरेको, उनी मन्त्री हुँदाका बखत नक्कली/समानान्तर प्रतिवेदन तयार भएको तथा केशव दुलाल र गृहसचिव टेकनारायण पाण्डेबीचको संवादमा पनि उनको नाम भेटिएको आधारमा थुनामा पठाइएको थियो । सचिव पाण्डेको मौकाको बयानलाई पनि आधार मानी जिल्लाले यस्तो आदेश दिएको थियो ।

कोप सम्मेलनमा...

पृष्ठ १ बाट क्रमशः

आँखाअगाडि हराउँदै छन्, जसले भूस्खलन र बाढीबाट बढ्दो समुद्रमा विनाश निम्त्याइरहेको छ ।' महासचिव गुटेरेस एक महिनाअघि ११ देखि १५ कात्तिकसम्म नेपाल भ्रमणमा आएका थिए । त्यस क्रममा उनले एभरेस्ट र अन्नपूर्ण बेसक्याम्पको भ्रमण गरेका थिए भने जलवायु परिवर्तनबाट प्रभावित स्थानीय बासिन्दासँग पनि कुराकानी गरेका थिए ।

कोप-२८ सम्मेलनमा महासचिव गुटेरेसले हिउँ पग्लिने विषयलाई रोग भन्दै थपे, 'यो हाम्रो मौसमलाई घुँडा टेक्ने रोगको एउटा लक्षण मात्र हो । रोग त तपाईं विश्वव्यापी नेताहरूले मात्रै निको पार्न सक्नुहुन्छ ।'

महासचिव गुटेरेसले नेपालको हिउँ र जलवायु संकटबारे सम्बोधन गरेपछि दुबईमै रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले खुसी व्यक्त गरेका छन् । प्रधानमन्त्री प्रचण्डले कोप-२८ का लागि शनिबार सम्बोधन गर्ने कार्यक्रम छ ।

प्रधानमन्त्री प्रचण्डले जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय सम्मेलनलाई नेपालले अवसरका रूपमा प्रयोग गर्ने बताएका छन् । कोप-२८ उद्घाटनपछि आयोजित अर्को कार्यक्रमलाई शुक्रबारै उनले सम्बोधन गरेका थिए ।

प्रधानमन्त्री प्रचण्डले कोप-२८ मा नेपाल विश्व समुदायको प्राथमिकतामा परेको जानकारी दिए । 'उद्घाटन समारोहमा संयुक्त राष्ट्रसंघका महासचिवले जलवायु परिवर्तनको प्रभाव नेपाल र अन्टार्कटिकामा परेको भन्ने अभिव्यक्ति दिएबाट नेपाल विश्वकै नजरमा परेको पुष्टि भएको छ,' प्रधानमन्त्री प्रचण्डले भने ।

सरकारले जलवायु परिवर्तनको विषयलाई निकै महत्त्व दिएको प्रधानमन्त्री प्रचण्डको भनाइ थियो । 'वर्तमान युवा पुस्ता र भावी सन्ततिको जीवनका लागि गम्भीर छु । जलवायु परिवर्तनबाट परेको असरको क्षतिपूर्तिबापत नेपालले विशेष प्राथमिकता पाउनुपर्ने अधिकार राख्छ भन्ने कुरा बिस्तारै स्थापित हुनेछ,' प्रधानमन्त्रीले भनेका छन् । प्रचण्डले जलवायु परिवर्तनको विषयलाई सरकारले निकै महत्त्व दिएको बताए । औद्योगिक राष्ट्रहरूले कार्बन उत्सर्जन कम गर्ने विषयमा आफ्नो धारणा राखिरहेका छन् भने औद्योगिक राष्ट्रहरूको अत्यधिक कार्बन उत्सर्जनबाट मार खेपिरहेका राष्ट्रहरूले भने क्षतिपूर्तिलाई आफ्नो मुख्य एजेन्डाका रूपमा राखिरहेका छन् । नेपालले यतिवेला जलवायु परिवर्तनमा विश्व समुदायको चुनौतीपूर्ण समस्याका रूपमा रहेको कुरा प्रस्टसँग राख्न लागेको प्रधानमन्त्री प्रचण्डले बताएका छन् ।

मोदी र क्युबाका राष्ट्रपतिसँग भेट

दुबईमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच भेटवार्ता भएको छ । साइडलाइन भेटवार्तामा भारतीय प्रधानमन्त्री मोदीले गत १७ कात्तिकमा जाजरकोटमा केन्द्रबिन्दु बनाएर गएको भूकम्पबाट पुगेको क्षति तथा भारतले गर्नुपर्ने सहयोगबारे चासो राखेका छन् । प्रधानमन्त्रीका स्वकीय सचिव रमेश मल्लका अनुसार भेटमा दुईपक्षीय हितबारे छलफल भएको छ । प्रधानमन्त्री प्रचण्ड र क्युबाका राष्ट्रपति मिगुइल म्यारियो डायज क्यानेलीबीच पनि भेटवार्ता भएको छ । भेटवार्तामा दुईपक्षीय हितबारे कुराकानी भएको छ । प्रधानमन्त्री प्रचण्ड नेतृत्वको नेपाली प्रतिनिधिमण्डल १३ मंसिरमा दुबई प्रस्थान गरेको हो । प्रधानमन्त्री आइतबार स्वदेश फर्किँदै छन् ।

गाउँमा हात्ती...

पृष्ठ १ बाट क्रमशः

नगरपालिका- २ र ३ का स्थानीय हात्तीबाट प्रभावित छन् । दमकको उत्तरी क्षेत्रमा हम्सेदुम्से जंगल रहेका कारण दिनभर हात्ती यो जंगलमा बस्ने र रात परेपछि गाउँ पस्ने गरेका छन् । गाउँमा हात्ती पस्न थालेपछि बाली भित्र्याउनै मुस्किल हुने गरेको दमक-३ का बुद्धिमान तामाङले बताए । 'खासगरी बाली उठाउने वेलामा हात्ती आउने गरेको छ । हात्ती आएपछि रातभर जाग्राम बस्नुपर्छ । नभए त धान सबै खाइदिन्छ,' उनले भने, 'हात्ती गाउँ पसेपछि घर नै भत्काउने गरेको पनि छ । हात्तीका कारण ज्यान जोगाउन नै मुस्किल भयो ।' हात्तीबाट हुने क्षति नियन्त्रणमा सरकारी निकायले बेवास्ता गरेको उनले गुनासो गरे ।

स्थानीयले हात्ती धपाउन आगो बालेर बस्ने, साइरन बजाउनेलगायत गतिविधि गर्ने गरेका छन् । पाँच हप्तायता हात्तीको हुल गाउँमा पसेर हैरानी दिएको तामाङले बताए । कात्तिक अन्तिम सातादेखि गाउँमा दैनिक हात्ती पस्ने गरेको उनको भनाइ छ । 'केही दिनअघि त २५ देखि २८ वटा हात्तीसम्म गाउँ छिर्‍यो । अहिले पनि दैनिक चार-पाँचवटा हात्ती गाउँ छिरिरहेको छ,' उनले भने, 'हात्ती आएपछि रातभर सुत्नै पाइँदैन ।'

हात्तीका कारण समस्या निम्तिएको दमक- ३ का हेमदल भण्डारीले बताए । 'धान खेतमै छ । हात्ती आएपछि धान जोगाउन पनि रातभर खेदाउनुपर्छ,' उनले भने, 'खेदाउँदा-खेदाउँदै पनि बाली खाइरहेको छ । समस्या निम्तिएको छ ।' हात्तीलाई बस्तीमा पस्न नदिन मेचीनगर, जलथल, चारआली क्षेत्रमा सोलार इलेक्ट्रिक फेन्सिङले तारबार गरिएको छ । जसले हात्तीलाई गाउँ पस्नबाट केही मात्रमा रोकेको पनि छ । तर, झापाको पश्चिमी क्षेत्रमा सोलार इलेक्ट्रिक फेन्सिङ नहुँदा हात्ती सीधै बस्तीमा छिर्ने गरेको छ ।

दमक- ३ का वडाध्यक्ष नवीन बरालका अनुसार यसपटक करिब २५ जना किसानको धान बालीमा हात्तीले क्षति पुऱ्याएको छ । हात्ती नियन्त्रणमा प्रदेश र संघ सरकारले पनि चासो देखाउनुपर्ने बताए । उनका अनुसार जंगली हात्तीले केही वर्षयता असाध्यै दुःख दिएको छ । 'हात्ती धेरै पहिलादेखि आउँथ्यो । तर, करिब पाँच वर्षयता धेरै आउन थालेको छ । पहिला हम्सेदुम्से वन क्षेत्रमा भुटानी शरणार्थीको बाक्लो बस्ती थियो । त्यसवेला हात्ती आए पनि धेरै बस्दैन थियो,' उनले भने, 'भुटानी शरणार्थीको पुनर्वासपछि हात्ती जंगलमा धेरै समय बस्न थालेको छ । जसकारण गाउँमा धेरै क्षति भएको छ ।'

हात्तीले बालीमा मात्र क्षति पुऱ्याएको छैन, मानिसको ज्यानसमेत लिन थालेको छ । शुक्रबार मात्र हल्दिबारी-३ कोरणकाली सामुदायिक वनमा हेरालुको रूपमा काम गर्दै आएका स्थानीय ४० वर्षीय धनबहादुर बनको हात्ती आक्रमणमा परी मृत्यु भएको छ । शुक्रबार बिहान वनको रेखदेखका लागि गएका उनलाई जंगली हात्तीले आक्रमण गरेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

५ मंसिरमा भुटानी शरणार्थी ७२ वर्षीय पदमलाल तामाङको हात्ती आक्रमणबाट मृत्यु भयो । उनलाई दमक- ३ मा रहेको हम्सदुम्से वनमा दाउरा खोज्न गएका वेला हात्तीले आक्रमण गरेको थियो । हात्तीका कारण दमकको उत्तरी क्षेत्रका स्थानीयलाई मात्र होइन हम्सेदुम्से वन क्षेत्रको बाटो भएर हिँड्डुल गर्नेसमेत त्रास छ । दमकबाट वन क्षेत्र हुँदै बन्दै गरेको मदन भण्डारी राजमार्ग हुँदै इलाम चुलाचुली, माङ्सेबुङसम्म जानेलाई पनि हैरानी दिएको छ । 'हामी त दैनिक रोजगारीदेखि उपभोग्य सामग्री खरिद गर्न दमक नै जानुपर्छ । काम गरेर फर्कँदा रात निकै पऱ्यो भने हात्तीले आक्रमण गर्ने हो कि भन्ने त्रास हुन्छ,' इलामको चुलाचुली- ५ का खगेन्द्र दर्नालले भने, 'बाटोमा सडक बत्ती छैन । सबैतिर अँध्यारो हुँदा कतिपटक त हात्तीसँग जम्काभेट पनि भएको छ । धन्न अहिलेसम्म आक्रमण गर्न पाएको छैन ।'

डिभिजन वन कार्यालय झापाका अनुसार ३ मंसिरमा १७ वटा हात्ती भारतबाट नेपाल प्रवेश गरेका छन् । तिनै हात्तीको समूहले दमक- ३ मा पदमलाल तामाङमाथि आक्रमण गरेको डिभिजन वन कार्यालय झापाका प्रमुख मेघराज राईले बताए । उनका अनुसार यी हात्तीहरू सुनसरीसम्म पुगेका छन् । 'हात्तीको हन्जबाट १७ वटा भारतबाट नेपाल छिरेका हुन् । यी हात्ती मेची बगरका इलेक्ट्रिक तार भत्काउँदै यतातर्फ छिरे । तारबार पनि अहिले गतिलो छैन । गत असारमा पनि यसरी नै हात्तीको हन्जा नेपाल छिर्न खोजेका थिए । तिनीहरूलाई उतै लखेट्न सफल भयौँ,' उनले भने, 'यसपटक पनि लखेट्ने प्रयास गरेका थियौँ, तर सफल हुन सकेनौँ ।'

एनसेलको...

पृष्ठ १ बाट क्रमशः

थियो । आजियाटाले खरिद गरेको मूल्यको अत्यन्तै कम मूल्यमा एनसेलको स्वामित्व बिक्री गर्दै बाहिरिएको छ ।

सन् २०१६ मा आजियाटाले स्विडिस टेलिकम कम्पनी टेलियासोनेरासँग एनसेलको स्वामित्व रहेको रेनोल्ड होल्डिङ खरिद गरेको थियो । आजियाटाले टेलियासोनेराबाट एनसेल खरिद प्रक्रिया सफलतापूर्वक सम्पन्न गरेर नेपाली दूरसञ्चार बजारमा प्रवेश गरेको बताएको थियो । उसले भनेको थियो, 'यसलाई आजियाटाले कोसेढुंगाका रूपमा समेत लिएको छ ।'

आजियाटाको ८० प्रतिशत सेयर खरिद गर्ने स्पेक्ट्रलाइट युके लिमिटेडको सञ्चालक सतिशलाल आचार्य हुन् । यो कम्पनी हालसालै सेप्टेम्बर २०२३ मा मात्रै खोलिएको देखिन्छ । एनसेलमा २० प्रतिशत सेयर स्थानीय साझेदार रहेको सुनिभेरा क्यापिटल भेन्चरको छ, जुन कम्पनीका सञ्चालन पनि आचार्य नै हुन् । अब आचार्य परिवारसँग एनसेलको पूरै स्वामित्व आएको छ ।

एनसेलले सन् २०२९ सम्म गर्ने कुनै पनि लाभांश र सो अवधिको आकस्मिक लाभमा आजियाटाकै अधिकार हुने गरी 'एडिसनल कन्सिडरेसन' तय गरिएको आजियाटाले जनाएको छ । सन् २०२९ मा एनसेलको लाइसेन्स अवधि सकिँदै छ ।

'दोहोरो करको मार, नियमनकारी अनिश्चितता, सन् २०२९ बाट लाइसेन्सको समय सकिँदा उत्पन्न हुने अतिरिक्त जोखिम भार, आजियाटाको हिस्सा नेपाल सरकारले लिन सक्ने सम्भावना र नेपालमा लगानी संरक्षणको वातावरण प्रतिकूल भएको र यसले कम्पनीको अस्तित्वमै ठूलो खतरा आउन लागेको देखेर बहिर्गमनको निर्णय गरेका हौँ,' आजियाटा समूहले भनेको छ ।

नियामक निकायलाई छैन पत्तो

आजियाटाले एनसेलको स्वामित्व बिक्री गर्न खरिद-बिक्री सम्झौता गरेको पुष्टि गरे पनि नेपाली नियामक निकाय नेपाल दूरसञ्चार प्राधिकरणलाई भने कुनै जानकारी गराइएको छैन । 'आजियाटा एनसेलबाट बाहिरिने घोषणा गरेपछि दूरसञ्चार नियमावलीअनुसार नियामक निकायलाई पूर्वजानकारी गराएर मात्रै खरिद-बिक्री गर्न शुक्रबार पत्राचार गरेका छौँ,' प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालले भने, 'नियामक निकायलाई जानकारी नै नगराई सेवाप्रदायकको सेयर खरिद-बिक्री गर्नु कानुनविपरीत हुन जान्छ ।'

एनसेलको सेयर खरिद-बिक्रीबारे कम्पनी रजिस्ट्रारको कार्यालयसम्म पनि जानकारी आइनसकेको रजिस्ट्रार महेश बरालले बताए । सेयरको लगत राख्ने भनेको कम्पनी रजिस्ट्रारको कार्यालयले हो । 'यहाँ रजिस्टर भएको सेयरको कुनै हेरफेर भएको छैन, होल्डिङ कम्पनीहरू बाहिरै किनबेच भएको भए त्यो हाम्रो जानकारीमा आउँदैन,' उनले भने, 'त्यस्तो अवस्थामा नियामक निकाय प्राधिकरण, नेपाल राष्ट्र बैंक वा ठूला करदाता कार्यालयले हेर्ने हो ।'

एनसेलको सेयर जुनसुकै देशमा खरिद-बिक्री भए पनि क्रेता र विक्रेताले नेपालको कानुन पालना गर्नैपर्ने आन्तरिक राजस्व विभागका महानिर्देशक दीर्घराज मैनालीले बताए । 'यसअघि एनसेलको घटना घटिसकेको छ, सुरुमा सेयर बिक्री रकमसहित यति कर तिर्छु भनेर करदाताले आफैँ घोषणा गर्नुपर्छ,' उनले भने, 'करदाताले घोषणा गरेपछि ठूला करदाताको कार्यालयले सबै फाइल अध्ययन गरेर अन्तिम करको टुंगो लगाउँछ ।'

यस्तो छ सम्झौता

सेयर खरिद-बिक्री सम्झौताका मुख्य सर्तमा 'फिक्स्ड कन्सिडरेसन' र 'एडिसनल कन्सिडरेसन' समावेश रहेका छन् । 'फिक्स्ड कन्सिडरेसन' पाँच करोड अमेरिकी डलर रहेको छ, जसमध्ये ५० लाख डलर खरिदकर्ताले सेयर खरिदको कारोबार पूरा भएको ६ महिनाभित्र आजियाटालाई बुझाउनेछ भने बाँकी रकम चार वर्षभित्र भुक्तानी गर्नेछ । एनसेलले सन् २०२९ सम्म गर्ने सबै लाभ आजियाटाले नै पाउने सर्त राखिएको छ ।

यसपछि एनसेलले आफ्नो व्यवसाय र आफ्नो कुनै पनि दायित्वको पूर्ण जिम्मेवारी वहन गर्ने र एनसेलको सम्बन्धमा नेपालका मौजुदा र भावी करका दाबीबाट आजियाटालाई मुक्त राख्ने पनि आजियाटाको विज्ञप्तिमा उल्लेख छ । आजियाटाको बोर्ड उल्लेखित सर्तमा नेपालबाट बाहिरिनु नै समूहका लागि सबैभन्दा राम्रो बाटो हुने निष्कर्षमा पुगेको पनि यसमा उल्लेख छ ।

एनसेलले सुरुदेखि २०२१/२२ सम्ममा कर र शुल्कबापत दुई खर्ब ८३ अर्ब योगदान गरेको, प्रत्यक्ष-अप्रत्यक्ष रूपमा २५ हजारभन्दा धेरै रोजगारीमा योगदान गरेको र एक करोड ७० लाखभन्दा धेरै ग्राहक यो नेटवर्कमा जोडेको दाबी गरेको छ । एनसेलले कर्पोरेट सोसियल रेस्पोन्सिबिलिटी (सिएसआर)अन्तर्गत एक अर्ब ७० करोडभन्दा धेरै शिक्षा, स्वास्थ्य, विपत् व्यवस्थापन र वातावरणजस्ता सामाजिक क्षेत्रमा खर्च गरेको बताएको छ ।

'देशको सबैभन्दा ठूलो करदाताका रूपमा एनसेलले आफ्नो सुरुवातदेखि २०२१/२२ सम्ममा कर र शुल्कबापत दुई खर्ब ८३ अर्ब योगदान गरेको छ । अब नेपालबाट बाहिरिँदा नै हामीले हाम्रा रणनीतिक प्राथमिकतामा ध्यान केन्द्रित गर्न र मूल्य सिर्जनाको यात्रा जारी राख्न समर्थ हुनेछौँ,' आजियाटाका अध्यक्ष तान श्री साहरिल रिद्जा रिजुआनले भनेका छन् ।

सेयर बिक्री गर्ने निर्णयविरुद्ध रिट

एनसेलबाट आजियाटाले सेयर बिक्री गर्ने निर्णयविरुद्ध उच्च अदालत पाटनमा रिट दायरा भएको छ । यो रिटमा अदालतले दुवै पक्षलाई छलफलमा बोलाएको छ । धितोपत्र बोर्डमा सूचीकृत भएर सेयर बेच्नुपर्ने व्यवस्था भए पनि त्यसो नगरी आजियाटाले सेयर बेच्ने निर्णय गरेको भन्दै गोकुलबहादुर रोकायाले रिट दर्ता गरेका थिए । एनसेल पब्लिक कम्पनी भएकाले बोर्डमा सूचीकृत नभएको वरिष्ठ अधिवक्ता सुरेन्द्र भण्डारीले बताए । त्यस्तै रिटमा पुँजीगत लाभकर छली गर्ने उद्देश्यले सेयर बिक्री गर्न खोजिएको दाबी गरिएको उनको भनाइ छ ।

कम्पनी रजिस्ट्रारको कार्यालयलाई विपक्षी बनाई परेको रिटमा न्यायाधीश दीपेन्द्र अधिकारीले दुवै पक्षलाई छलफलमा बोलाउने आदेश दिएका हुन् । अदालतले मंसिर २५ गतेको पेसी तोकेको छ । साथै, निवेदकको मागअनुसारको आदेश दिनुनपर्ने कारण भए १५ दिनभित्र लिखित जवाफ पेस गर्नसमेत उच्चको आदेशमा भनिएको छ ।

एनसेल नेपाल धितोपत्र बोर्डमा सूचीकृत भई सार्वजनिक खरिद बिक्रिका लागि सेयर निष्काशन नगरे सम्म एनसेलको सेयर बिक्रि वितरण वा हस्तान्तरण गर्न नपाउने निवेदकको दाबी छ । यसका लागि अन्तरिम आदेशको समेत माग भएको छ ।

एनसेल पब्लिक लिमिटेडमा रुपान्तरण भएपछि एनसेलको कुनै पनि सेयर होल्डरले नेपाल धितोपत्र बोर्डमा दर्ता नगरी सेयर बिक्रि, वितरण, हस्तान्तरण गर्न नपाउने रिटमा उल्लेख छ ।

'विगतमा जसरी विदेशमा एनसेलको सेयर बेच्ने, पुँजीगत लाभकर नतिर्ने र राज्यलाई गुमराहमा राख्ने कार्य भएको थियो र सो बिषय अदालतमा उठाउनु परेको थियो,' रिट निवदेनमा भनिएको छ, 'त्यसरी नै हाल पब्लिक लिमिटेड भए पश्चात पनि केवल २ जना मात्रै शेयर धनि कायम गरी फेरी एनसेल र एनसेलको सेयर भित्र भित्रै बिदेशमा बेच बिखन गर्न ठुलो चलखेल हुनथालेको कुरा सार्वजनिक भएको छ ।'

पाँच करोड भन्दा बढी चुक्ता पुँजी भएको दूरसञ्चार सेवा प्रदायक कम्पनीले २ वर्षभित्र पब्लिक लिमिटेड कम्पनीमा परिणत गर्नु पर्ने अनिवार्य व्यवस्था छ । तर एनसेलले निर्धारित अवधिभित्र आफुलाई पब्लिक लिमिटेडमा रुपान्तरण गरेन । बरु निजी कम्पनीको रुपमा विदेशमा शेयर खरिद बिक्रि गरी पूँजीगत लाभकरबाट राज्यलाइ बन्चित गर्ने कार्य गरेको रिटमा उल्लेख छ । कम्पनी ऐनमा तोकिएको अवधिभित्र पब्लिक लिमिटेडमा परिणत गर्न लगाई सर्वसाधरणको पहुँचका लागि शेयर बिक्रि वितरण खुल्ला गर्नु गराउनु पर्ने दायित्व र जिम्मेवारी एनसेलको रहेको रिटमा भनिएको छ ।

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार १६ मंसिर ०८०
nayapatrikaofficial @naya_patrika

राजतन्त्रमा सब ठीक, गणतन्त्र आएपछि बिग्रियो भन्नु गलत हो



तस्बिर : संजित परियार

तत्कालीन प्रधानमन्त्री डा. केआई सिंहले भने- किन विदेश जाने ? मेचीबाट पसेर महाकालीमा निस्क । त्यो अध्ययन सकेपछि मकहाँ आऊ, मै जागिर दिन्छु ।

डा. भेषबहादुर थापासँग नेपालको अर्थतन्त्र र कूटनीतिक मामिलामा ६ दशकभन्दा लामो अनुभव छ । ०७७ सालयता देशमा भएका राजनीतिक परिवर्तनका साक्षी पनि हुन् उनी । ०१७ सालमा महेन्द्रले शासनसत्ता हातमा लिएपछि थापा योजनाविद्, गभर्नर, सचिव, अर्थमन्त्री, परराष्ट्रमन्त्री हुँदै अमेरिका र भारतको राजदूतसम्म भए । एकतन्त्रदेखि गणतन्त्रसम्मको आर्थिक र कूटनीतिक अनुभवलाई लिपिबद्ध गरी 'राष्ट्र-परराष्ट्र' पुस्तक बजारमा ल्याएका छन् । पुस्तक र अन्य विषयमा केन्द्रित रही थापासँग पवन तिमिल्सिना र नवीन अर्यालले गरेको कुराकानी :

संवाद
डा. भेषबहादुर थापा
अर्थ तथा परराष्ट्र मामिलाविज्ञ

> राजतन्त्रमा सब ठीकठाक थियो, विकास निर्माणदेखि आर्थिक समृद्धिको यात्रा राजतन्त्रमै रफ्तारमा थियो, प्रजातन्त्र र गणतन्त्र आएपछि सबै बिग्रियो भन्नु गलत हो । राजतन्त्रमा विकास निर्माण नै नभएको, आर्थिक र सामाजिक रुपान्तरणको यात्रामा ब्रेक लागेको थियो, तर अहिले राजा नभएकाले सबै राम्रो भइरहेको छ भन्ने पनि ठीक होइन ।

अवकाशपछि जीवन कसरी बिताइरहनुभएको छ ?

अर्को महिनाबाट ८९ वर्षको हुन्छु । उमेरले ल्याएको शारीरिक तथा मानसिक प्रभावबाट छुट्कारा पाइने स्थिति रहेन । त्यसबाहेक सद्भाव राख्ने साथीहरूसँग भेटघाट गर्ने क्रम जारी छ । सार्वजनिक कार्यक्रममा आजकल कम जाने गरेको छु । धेरै लामो यात्रा गर्न सक्दिनँ । शारीरिक व्यायाम र योग नियमित गरिरहन्छु । आँखाको कमजोरीले अखबार र पुस्तक पढ्न अलि गाह्रो भइरहेको छ । सुत्नुअघि किताब पढ्ने बानीमा कमी आइरहेको छ ।

तपाईले 'राष्ट्र-परराष्ट्र' किताब पाठकमाझ ल्याउनुभएको छ । यो कस्तो खालको किताब हो ?

मेरो अध्ययन, अनुभव र परिश्रम प्रतिबिम्बित भएको किताब हो यो । लामो अवधि सरकारी तथा अन्तर्राष्ट्रिय क्षेत्रमा काम गरेँ । अहिले रिटायर्ड जीवन बिताइरहेको छु । जीवनको उत्तरार्धमा परिवार र शुभेच्छुकहरूले तपाईंको अनुभवलाई बाहिर ल्याउन सक्यो भने भावी पुस्तालाई सिकाइ हुन्छ भनेर आग्रह गरेपछि यो जमर्को गरेको हुँ ।

तपाईले राष्ट्र र परराष्ट्रमा विभिन्न तहमा रहेर अनुभव हासिल गर्नुभयो । गभर्नर, सचिवदेखि मन्त्रीसम्म हुनुभयो । अमेरिका र भारतमा लामो समय राजदूतको भूमिका निर्वाह गर्नुभयो । त्यो अनुभव बाहिर ल्याउने प्रेरणा कसरी प्राप्त गर्नुभयो ?

०१७ सालको परिवर्तनअघि म अमेरिकामा पढ्थेँ । अमेरिकामै रहेका वेला राजा महेन्द्रसँग प्रत्यक्ष भेटघाट गर्ने मौका मिल्यो । त्यहाँ उनको राजकीय भ्रमण थियो । त्यतिवेला बाहिर पढेका र अनुभवप्राप्त व्यक्तिहरू कमै थिए । विदेश जाँदा त्यहाँ अध्ययन र कार्यरत नेपालीबारे सोधखोज र भेटघाट गर्ने परिपाटी महेन्द्रको थियो । त्यही क्रममा राजा महेन्द्रसँग अमेरिकामा भेट भयो । म छात्रवृत्तिमा अमेरिकामै पढ्थेँ । राजा महेन्द्रले 'विदेश पढ्न जाने उतै बस्न खोज्छन्, तिमी पढाइ सकेर स्वदेशमै आऊ' भनेर आग्रह गरे । मैले भनेँ, 'फर्किनका लागि पनि पैसा चाहिन्छ । अध्ययन सकेपछि जमर्को गर्छु ।' तर, महेन्द्रले पढाइ सकेपछि मलाई जानकारी गराऊ, बाटोखर्च मै पठाइदिउँला । तिमी नेपालमै आएर काम गर्नुपर्छ भने । देश बनाउन पढालेखा बुद्धिजीवी चाहिन्छ भनेपछि मलाई गहिरो छाप पऱ्यो । एउटा विद्यार्थीलाई यसरी प्रोत्साहन गर्दा धेरै प्रभावित भएँ । महेन्द्रले बाटोखर्च पनि पठाइदिए । सापटी भने पनि मिनाहा गरियो ।

अमेरिकाबाट फर्किएपछि जुन सम्भावना मेरो अगाडि राखियो, त्यहींबाट सुरु हुन्छ मेरो जीवनको नयाँ अध्याय । त्यतिवेला योजनाबद्ध विकासका लागि दोस्रो जमर्को भइरहेको थियो । पहिलो जमर्को नेपाली काग्रेसको सरकारले पञ्चवर्षीय योजना बनाएको थियो । तर, त्यसको कार्यान्वयनमा कठिनाइ भइरहेको थियो । त्यही वेला योजना आयोग बनाएर मलाई प्रमुख कार्यकारीको जिम्मेवारी दिइयो । जुन मेरो सोचाइमा थिएन । त्यो मेरा लागि अवसर र चुनौती दुवै थियो । त्यहींबाट मेरो इतिहास सुरु हुन्छ ।

यदि महेन्द्रले अमेरिकामा भेटेर फर्किन आग्रह नगरेको भए नफर्किन पनि सक्नुहुन्थ्यो ?

पढेर उतै बस्छु भन्ने मनमै थिएन । त्यो पुस्तालाई पढेर विदेशमै बस्छु भन्ने सोच हुन्थ्यो । परिवार यहीं थियो । उतै बसेर अरूका एजेन्डा बोकेर बस्ने सोच थिएन । स्वदेश फर्किन्छु भन्ने नै थियो । त्यही क्रममा महेन्द्रसँग भेट भयो । उनको आग्रह र सोचले म थप प्रभावित भएँ ।

अहिलेका युवा त देश छाडेर बाहिरिन मरिहत्ते गर्छन् नि !

अहिले जमानै अर्कै भयो । अहिलेका पुस्ताको सोचाइ र हाम्रो पुस्ताको सोचमा आकाश जमिनको फरक छ । नेपालबाट मात्र होइन, छिमेकी राष्ट्र, मध्यपूर्वी देशमा सम्भावनाको कमीले गर्दा आफ्ना आवश्यकता परिपूर्ति गर्न वा नयाँ कुरामा आबद्ध हुनका लागि समयको परिवर्तनले ल्याएको उपज हो ।

युवाहरूमा बाह्यजगत्को आकर्षण पनि हुन सक्छ । देशभित्रै सम्भावना नदेखेर पनि हुन सक्छ । युवा पलायन बढ्दै गइरहेको सुनिन्छ । आफ्नो देशमा आवश्यकता परिपूर्ति हुन सकेन भने राष्ट्रबाट परराष्ट्रमा जम्प गर्ने परिस्थिति सिर्जना हुन्छ । त्यही भएको होला । यो सबै देशको वास्तविकता हो । हाम्रा शासक प्रशासकको कमी-कमजोरी र अदूरदर्शीका कारण पनि मान्छेको मनमा विचलन आयो । त्यसपछि युवा विदेशमा सम्भावनाको ढोका ढकढकाउँदै हिँड्न थाले ।

अमेरिकाबाट फर्किनेबित्तिकै तपाईंले राम्रो अवसर पाउनुभयो । त्यसपछि पनि पटक-पटक अवसर पाउनुभयो । त्यतिवेला विदेशमा गएर पढेका मान्छे कम हुने भएकाले तपाईं रोजाइमा बढी पर्नुभएको हो ?

बाहिर गएर पढ्दैमा सबैलाई अवसर र सम्भावनाको ठूलो ढोका खुल्छ भन्ने होइन । म विद्यार्थी हुँदा राजा महेन्द्र अमेरिका भ्रमणमा जानु, नेपालबाट आएको युवाले अमेरिकीलाई समेत पछाडि पारेर उच्च तहको अध्ययन गरिरहेको छ भन्ने राजाको कानमा पर्नु, उनले खोजी-खोजी मलाई भेट्नु, स्वदेशमै फर्किन प्रोत्साहित गर्नु, राजालाई साथ दिने अब्बल प्रशासकको खाँचो हुनु, यी सबै परिस्थितिको उपज भन्छु । मलाई समय र परिस्थितिले दिएको अवसर भन्ने ठान्छु ।

> म विद्यार्थी हुँदा राजा महेन्द्र अमेरिका भ्रमणमा जानु, नेपालबाट आएको युवाले अमेरिकीलाई समेत पछाडि पारेर उच्च तहको अध्ययन गरिरहेको छ भन्ने राजाको कानमा पर्नु, उनले खोजी-खोजी मलाई भेट्नु, स्वदेशमै फर्किन प्रोत्साहित गर्नु, यी सबै परिस्थितिको उपज भन्छु, मलाई समय र परिस्थितिले दिएको अवसर भन्ने ठान्छु ।

त्यो वेला पासपोर्ट बनाउन र विदेशमा पढ्न जान कत्तिको सहज थियो ?

निकै गाह्रो । अमेरिकाबाट छात्रवृत्ति पाएको सूचना पाएपछि पासपोर्ट लिन परराष्ट्र मन्त्रालय जाँदा दिइएन । त्यो समय डा. केआई सिंह प्रधानमन्त्री थिए । पासपोर्ट नै नदिने, सबैलाई रोकिएको थियो । मैले प्रधानमन्त्रीलाई भेटेर परराष्ट्रले पासपोर्ट दिएन भनेँ । उनले 'ए नानी तिमी किन विदेश जाने ? नेपालको सेवा गर्नु छ भने मेचीबाट पसेर महाकालीबाट निस्क । त्यो अध्ययन सकेपछि मकहाँ आऊ, मै जागिर दिन्छु अनि विकासको काम गर' भनेर फर्काए । म निराश भएर फर्केँ । तीन महिनापछि उनी प्रधानमन्त्री पदबाट हटे । अनि फेरि गएर पासपोर्ट लिएँ ।

तपाईं पञ्चायत, प्रजातन्त्र र गणतन्त्रसम्मको साक्षी हुनुभयो । आफ्नो पुस्तकको स्लोगन नै 'एकतन्त्रदेखि गणतन्त्रसम्म' राख्नुभएको छ । यी तीनवटा तन्त्रलाई कसरी मूल्यांकन गर्नुहुन्छ ?

०१७ साल माघमा योजना आयोगमा नियुक्त भएपछि केही समय काम गरेँ । त्यसपछि गभर्नर र अर्थसचिव भएर काम गरेँ । राजनीतिक चलखेल चलिरहने कुरो भयो । प्रधानमन्त्रीलाई फालेर राजाले शासन हातमा लिएको समय थियो । शासनसत्ता जस्तोसुकै भए पनि आर्थिक चुनौतीदेखि प्रशासनका कुरामा आमूल परिवर्तन भित्र्याउन आफ्नै प्रक्रियामा भर पर्छ । गभर्नर हुँदा अर्थशास्त्रमा पिएचडी गर्ने दुईजना मात्र थियौं, म र यादवप्रसाद पन्त । उहाँ मेरा गुरु पनि हुनुहुन्थ्यो । अर्थशास्त्रमा पिएचडी गर्ने म दोस्रो थिएँ ।

त्यो वेला अन्तर्राष्ट्रिय क्षेत्रमा अवमूल्यनले हलचल ल्याएको थियो । अर्थशास्त्रमा पिएचडी र योजना आयोगमा काम गरेको अनुभवका आधारमा गभर्नरमा नियुक्त हुने परिस्थिति बन्यो । त्यो चुनौती हाँकेपछि अर्थसचिव भएँ । त्यसपछि केही समय बाहिर गएँ । महेन्द्रको निधन हुँदा म बाहिरै थिएँ । वीरेन्द्रले सत्तारोहण गरे । उनले 'अचानक मेरो जिम्मेवारी बढेर आयो, बुबाले सुरु गरेका कामलाई निरन्तरता दिन र नयाँ आयाम सुरु गर्न मलाई तिमीजस्तै अनुभवीको साथ चाहियो । तिमी आएर अर्थमन्त्री हुनुपऱ्यो' भने । मैले भनेँ, 'म राजनीतिमा छैन, मेरो चाहना पनि छैन, किन राजनीतिक पदमा आउने ?' वीरेन्द्रले भने, 'म परराष्ट्र र अर्थ सम्बन्धित ज्ञान भएका व्यक्तिबाट सञ्चालन गर्न चाहन्छु, राजनीतिक व्यक्तिबाट होइन ।'

राजा वीरेन्द्रले मलाई अर्थमन्त्री र यदुनाथ खनाललाई परराष्ट्रमन्त्री बनाउने मनमा राखेका रहेछन् । यदुनाथले परराष्ट्रमन्त्री बन्न चाहेनन् । म परराष्ट्रमन्त्री भएँ । राजनीतिमा नलागी राजनीतिक नियुक्ति खान पुगेँ । त्यसपछि अर्को (परराष्ट्र) अध्याय सुरु भयो ।

राजा महेन्द्रको पालामा धेरै काम भए भनिन्छ । तपाईंको बुझाइमा त्यसवेला काम भएकै हो ?

महेन्द्रको पालमा धेरै काम भए । नेपाललाई चीनसँग जोड्ने कोदारी राजमार्ग निर्माण सुरु भयो । पूर्व-पश्चिम जोड्ने महेन्द्र राजमार्ग, धरान-धनकुटा राजमार्गदेखि त्रिशूली जलविद्युत् त्यही समयमा बने । विकास निर्माणको प्रारम्भिक सोचाइ अघिल्ला सरकारले पनि गरेका थिए । बिपीको सरकारले पनि गर्ने इच्छाशक्ति देखाए पनि कार्यान्वयन हुन सकेको थिएन । राजा महेन्द्रले कार्यान्वयन गरे । उनले भूमिसुधार लागू गरे । राजमार्ग बनाए । उनी अग्रगामी सोच राख्थे ।

अहिले पनि राजतन्त्र ठीक थियो र गणतन्त्र ठीक छ भन्ने दुईथरी विचार कायमै देखिन्छन् । तपाईंले पञ्चायत, प्रजातन्त्र र गणतन्त्र तीनवटै तन्त्र भोग्नुभयो । तपाईंको बुझाइ र भोगाइमा कुन समय उत्तम ?

उपलब्धिको प्रक्रिया कहीं गएर अन्त्य हुने कुरो होइन, निरन्तर चलिरहन्छ । कुन वेलामा कुन नीतिले प्रश्रय पायो भन्ने मुख्य कुरा हो । यी सबै गतिविधि आफ्नै प्रक्रियाबाट अघि बढ्दै गएको हो । राजतन्त्रमा सब ठीकठाक थियो, विकास निर्माणदेखि आर्थिक समृद्धिको यात्रा राजतन्त्रमै रफ्तारमा थियो, प्रजातन्त्र र गणतन्त्र आएपछि सबै बिग्रियो भन्नु पनि गलत हो । राजतन्त्रमा विकास निर्माण नै नभएको, आर्थिक र सामाजिक रुपान्तरणको यात्रामा ब्रेक लागेको थियो तर अहिले राजा नभएकाले सबै राम्रो भइरहेको छ भन्ने पनि ठीक होइन । यो मपाईंत्वको उपज हो । इतिहासको क्रममा भएका उपलब्धिलाई कुनै व्यक्ति वा समूहलाई श्रेय दिनु ठीक होइन । त्यो जनमानसले चाहेको विषय हो, त्यो चाहे एकतन्त्र होस्, चाहे प्रजातन्त्र । राष्ट्रिय दृष्टिकोण राखेर विश्व र देशभित्र सन्तुलित विकास गरेर अघि बढ्ने विषय हो ।

अहिलेको आर्थिक गतिविधि र त्यो वेलाको अर्थतन्त्रको अवस्थामा के भिन्नता पाउनुहुन्छ ?

दुइटा विषय छन्- राजनीतिक तह र प्रशासनिक तह । समस्याको पहिचान गरेर त्यसलाई अघि बढाउने विषयमा जुन शासकवर्गले देखाउनुपर्ने प्रतिबद्धता र लगनशीलता, त्यो विविधीकरण भएको वेलामा चाहिँ त्यसलाई फलो गर्न कठिन हुने रहेछ । बढी राजनीतिक तहमा केन्द्रित शासकको जुन अभ्यास छ, विविधतालाई एकीकरणमा परिणत गर्ने जुन सोचाइबाट प्रेरित हुनुपर्ने हो, नहुँदा ढिलोपन भएको वा विरोधाभास भएको हो । सबै प्रजातान्त्रिक अभ्यासमा त्यो हुने नै विषय हो । यसका लागि व्यापक सोचको आवश्यकता पर्छ । राष्ट्रिय तहको निष्कर्षमा पुनका लागि व्यापक सोचाइ र जनसहभागिताको आवश्यकता पर्छ । तर, हामी जहिले संक्रमणकालमा बस्नुपऱ्यो । एकरूपले काम गर्न पाएको त्यही पञ्चायतकालमा हो । राजनीतिक अस्थिरताले सही निर्णय गर्नका लागि वा गरिसकेपछि विरोध नआउनका लागि जुन अनुशासित प्रक्रिया हुन्छ, त्यसलाई गम्भीर किसिमले सोच्नुपर्ने अवस्था आएको छ ।

०४८ सालमा स्वतन्त्र उम्मेदवार बन्नुभएको रहेछ । यो हुटहुटी कसरी आयो ?

रहर लागेर भनौं या के भनौं । कुनै पार्टीमा आबद्ध पनि थिइनँ । सक्रिय राजनीतिमा जाने अभिरुचि नहुँदा पनि राजनीतिक प्रक्रियाले देशलाई अघि बढाउन धेरैले अघि बढ भन्ने सुझाव दिए । त्यतिवेलाको संविधान र राजनीतिक प्रक्रियाले स्वतन्त्र व्यक्तिलाई ठाउँ दिने अवस्था थिएन । त्यो हुँदाहुँदै पनि आफ्नो जन्मस्थलमा गएर राजनीतिक प्रक्रियाबाट केही गर्न सकिन्छ कि भन्ने धारणा थियो । पार्टीगत राजनीतिक प्रक्रिया चलेको वेलामा एउटा व्यक्तिले पार्टीलाई चुनौती दिने त्यति बुद्धिमत्तापूर्वक निर्णय थिएन ।

तर अहिले त स्वतन्त्र उम्मेदवारहरूले ठूलो चुनौती दिन थालेका छन् नि !

अहिले जुन प्रकारले केही व्यक्तिहरूले अग्रसर भएर चुनौती दिएका छन्, यसका दुइटा पाटा छन् । पार्टीहरूले प्रभावकारी शासन पद्धति चलाउन नसकेको भन्ने जनमानसमा अनुभूति भइरहेको छ । कुनै पनि पार्टीमा जान नचाहेर एउटा एजेन्डालाई अघि बढाउन केही साथीहरूले हौसला दिएर अघि बढेका छन् । यो कहाँसम्म रहन्छ वा विकल्पको खोजी हो कि भन्ने अध्ययनको विषय हो । भएको संरचनाप्रतिको वितृष्णाको उपज हो यो । कुनै व्यक्तिको अनुभवका आधारमा नयाँ ठाउँ खोज्ने प्रक्रियाको सुरुवात भएको छ । अहिलेसम्म पनि स्वतन्त्र चुनाव लडेर आएको व्यक्तिलाई कुनै पनि पार्टीले उपयोग गरेको देखिएको छैन । यो प्रक्रिया अघि बढ्छ कि बढ्दैन हेर्न बाँकी छ ।

तपाईं २०४८ सालमा स्वतन्त्र उमेदवार भएर चुनाव पनि लड्नु भयो । त्यसबेलाको परिवेश कस्तो थियो ?

लखेट्ने काम गरे । अवरोध गरे । फोहोरी राजनीति पनि गरे । एउटा व्यक्तिले त्यो चुनौती सामना गर्न सक्ने अवस्था नभएकाले हरसम्भव अवरोध सिर्जना भयो । आमसभा गर्दागर्दै भान्सुर्ने अवस्था पनि आयो । यहीं कोठामा गणेशमानजी र कृष्णजी पनि हुनुहुन्थ्यो । काग्रेसको बिगबिगी थियो । पार्टीमा आउने हो कि भन्ने प्रस्ताव आयो । किसुनजीले पार्टीमा कुनै स्वार्थ नराखी आउनू भन्नुभयो । भोलिपल्ट गणेशमानजीले फोन गरेर यो कुरा नपत्याउनु भन्नुभयो । यिनीहरूले तपाईंलाई माथि राखेर टीकामाला लगाइदिन्छन्, पछि भर्खर सहभागी भइस् तल बसेर काम गर भन्छन् । गणेशमानजीले मलाई सद्भाव राखेरै भन्नुभएको थियो । । पछि शेरबहादुर देउवा प्रधानमन्त्री भएपछि भारतको राजदूत बनाउनुभयो । गिरिजाबाबु प्रधानमन्त्री हुनुभएको वेलामा मलाई राजदूत पदमा कायम राखियो ।

काम गरिरहेको गभर्नरलाई हटाएर राजा महेन्द्रले तपाईंलाई राष्ट्र बैंकको गभर्नर बनाए । त्यसको कारण के थियो ?

त्यसवेला बेलायतले पाउन्ड स्टर्लिङको अवमूल्यन गऱ्यो । त्यसको परिणाम भारतले पनि आफ्नो मुद्रामा परिवर्तन ल्यायो । नेपालले सय भारुको १०१ गर्ने निर्णय गऱ्यो, त्यो उपयुक्त थिएन । प्रद्युम्नलालजी गभर्नर हुनुहुन्थ्यो । उहाँले राजा महेन्द्रकहाँ गएर मैले नबुझेको विषय पऱ्यो, सकिएन भनेपछि मलाई तत्कालका लागि मौद्रिक संकट हल गर्न जिम्मेवारी दिइयो । त्यसैले म गभर्नर भएँ । केही समयपछि अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)को सहायता लिएर नेपाली सय बाट भारु १३५ हुँदै १६० रुपैयाँ कायम गरियो ।

बहुदलयीय व्यवस्था आएपछि मित्रराष्ट्रहरूले सबैभन्दा बढी कुन प्रधानमन्त्रीलाई विश्वास गरेको पाउनुभयो ?

व्यक्तिविशेषमा म जान चाहन्नँ । प्रजातन्त्रको पुनर्स्थापनापछि गिरिजाबाबु र शेरबहादुरजीको भ्रमणलाई नजिकबाट देख्न पाएँ । कसले विश्वासको वातावरण सिर्जना गर्न सक्छ भन्ने विषयमा व्यक्तिको आचरण र उसको अडानमा भर पर्छ । सम्बन्धलाई नजिकबाट हेरेर आफ्नो कुराहरू राम्रोसँग राख्न सक्नेमा कृष्णप्रसाद भट्टराईको पनि सम्झना आउँछ ।

कतारमा दुई दशक बिताएका शत्रुघन भन्छन्- शेखको खेतबारी छाडेर नेपाल जान्नँ



शत्रुघन यादव



सूर्यलाल साह



मुना कुँवर
munakunwar012@gmail.com

प्रवासबाट

वि.सं. ०५८ मा राजदरबार हत्याकाण्ड भयो । यो घटनाले नेपाली जनता स्तब्ध भए । सिराहाका शत्रुघन यादवलाई पनि यो घटनाले मर्माहत बनायो । उनले सोचे अब नेपालमा शान्ति हुँदैन । जागिरका लागि काठमाडौंमा भौंतारिएका यादव त्यो घटनापछि वैदेशिक रोजगारीमा लाग्ने निधो गरे । ६५ हजार रुपैयाँ तिरेर उनी कतार आए । यादव के कामका लागि कतार आएका थिए भन्ने पनि थाहा छैन । उनलाई एजेन्टले कतारको भिसा लगाइदियो । उनी सीधै कतार आए ।

एजेन्टले उनलाई कतारस्थित एउटा शेखको घरमा लगिदियो । त्यहाँ उनको काम खेतमा ढुंगा टिप्नु थियो । उनी झस्किए । तर, काम गर्नुको विकल्प थिएन । करिब पाँच वर्ष उनले शेखको बन्झड खेतमा ढुंगा टिप्ने काम गरे । उनीसँगै अन्य मुलुकका श्रमिकले पनि त्यहाँ काम गर्थे ।

उनले काम गर्ने शेखको थुप्रै जमिन थियो । जहाँ उनले खजुरको खेती गर्थे । एक दिन शेखले ढुंगा टिप्नेमध्ये १४ जनालाई खजुर टिप्ने तालिम दिए । जसमध्ये यादव सबैभन्दा उत्कृष्ट भए । 'म त फटाफट रुखमा चढ्थें । खजुर पनि राम्रोसँग टिप्थें,' उनी सम्झिन्छन् ।

> ५३ वर्षीय शत्रुघन यादवलाई नेपाल फर्कन खासै रुचि छैन । घरमा भने उनले पैसा पठाइरहेका छन् । भन्छन्, 'मलाई यहीं रमाइलो छ । यो मजरा, यो खजुर, मयूर छोडेर कहाँ जानु ? नेपाल गएर अब मलाई कसले काम दिन्छ ? यहाँ मलाई सबै सुविधा छ । नेपाल किन जाने ?'

यादवको कामबाट शेख खुसी भए । उनको ढुंगा टिप्ने कामबाट खजुर टिप्ने काममा पदोन्नति भयो । त्यसपछि भने उनले दैनिक दुई कार्टुन खजुर टिपेर शेखको घरमा पुराउँन थाले । यादवको कामबाट खुसी भएर शेखले २०० रियाल बक्सिस पनि दिए । 'मैले शेखलाई भनें मैले राम्रो काम गरेको छु । मलाई बक्सिस दिनुस् भनेर । शेख खुसी भएर मेरो हातमा २०० रियाल थमाइदिए,' उनी भन्छिन्, 'मलाई बूढो शेखले धेरै माया गर्थ्यो । वेलावेलामा मलाई भेट्न खेतमै आउँथ्यो ।'

अहिले भने परिस्थित बदलिएको छ । उनको बूढो शेखको मृत्यु भइसकेको छ । खेतीपाती गर्न रुचाउने शेखको मृत्यु भएपछि उनको कामको मूल्यांकन गर्ने पनि कोही छैन । 'बूढो शेख मरेपछि छोराले खेतीपाती हेर्दैनन् । गरे पनि नगरे पनि ठीकै छ,' उनले भने ।

उनी बसेको ठाउँ (अल्खोर) मा मात्रै शेखको १२ बिघा जमिन छ । जहाँ उनी एक्लै काम गर्छन् । त्यहाँ उनले १२०० खजुरका बोट लगाएका छन् । तीन बोट उनी आफैंले हुर्काएका हुन् । त्यसैले सबै बोटका बारेमा उनलाई जानकारी छ । 'यो गएको साल लगाएको बोट हो,' अर्को बोट देखाउँदै उनले भने, 'यो बोट भने बूढो भइसक्यो । अब यसलाई काटेर अर्को लगाउँछु ।'

यादवले त्यहाँ ७० वटा मयूर पनि पालेका छन् । बिहान-बेलुका उनी मयूरहरूलाई दाना खुवाउँछन् । दानाको बदलामा मयूरहरूले पंखा फिँजाएर नाचिदिन्छन् । मयूरको नाच हेरेर यादव दंग पर्छन् । 'अहिले मयूरहरू खेतमा लुकेका छन् । मान्छे धेरै देखे भने लुक्छन्,' उनले भने ।

उनका साथमा एउटा कुकुर र एउटा बिरालो पनि छ । यादवले आफ्ना लागि भनेर नजिकै साग पनि रोपेका छन् । अन्य तरकारी पनि लगाएका छन् ।

यादव विहान ६ बजे उठ्छन् । दैनिक हनुमानको पूजा गर्छन् । चिया खाएर बिहानै उनी खेततिर लाग्छन् । बिहान उनको काम भनेको खजुरको बोटमा पानी दिने, गोडमेल गर्ने, काँटछाँट गर्ने हो । दिन बढ्दै गएपछि गर्मीले काम गर्न सकिँदैन । अनि उनी वासस्थानतिर लाग्छन् । 'दिउँसो खाना पकाउँछु खान्छु, आराम गर्छु,' उनले भने । बेलुका फेरि उनी खेततिरै लाग्छन् । साँझ भने उनी कुकुर-बिरालोसँग रमाउँछन् । कहिलेकाहीं घर परिवार र साथीभाइसँग कुरा गरेर बिताउँछन् । 'कुकुर, बिरालो र मोबाइल त साथी हुन् मेरा,' उनी भन्छन् ।

उनलाई शेखले मासिक १० किलो चामल, एक लिटर तेल, एक केजी दाल पठाइदिन्छन् । अहिले भने मासिक १२०० रियाल तलब दिन्छन् । अन्य खर्चका लागि भनेर मासिक १०० रियाल थपिदिन्छन् । यादव बसेको स्थानबाट मुख्य सडकमा आइपुग्न साइकलमा नै दुई घन्टा लाग्छ । त्यसैले उनी दुई महिनामा एकपटक मात्रै बजारतिर पुग्छन् । उनको तलब शेखले उनी बसेको ठाउँमै पठाउँछन् । महिनामा एकपटक उनलाई शेखका कर्मचारी भेट्न आउँछन् । उनीहरूले तलब र रासन त्याइदिन्छन् ।

घरमा पैसा पठाउन मात्रै उनी सहर पस्छन् । नत्र उनी खेतमै रमाउँछन् । तर, यादवले प्रत्येक शुक्रबार साथीहरूलाई बोलाउँछन् । शुक्रबार बिदाको दिन उनका आफन्त तथा साथीभाइ उनी भएकै ठाउँमा पुग्छन् । सबै मिलेर भजन गाउँछन् ।

कतार मुस्लिम मुलुक हो । त्यसैले कतारमा मन्दिर स्थापना गर्न सहज भने छैन । तर, यादवले भने आफू बसेको ठाउँमै मन्दिर बनाएका छन् । उनी सधैं रामायण पढ्छन् । साथीहरू आउँदा उनीहरूले भजन गाउँछन् । जसका लागि उनले बाजागाजा पनि जुटाएका छन् । 'शेखले मलाई साथीहरूलाई बोलाएर रमाइलो गर भन्छ । भजन गाउँदा पूजा गर्दा पनि केही भन्दैन,' उनले भने ।

५३ वर्षीय यादवलाई नेपाल फर्कन खासै रुचि छैन । घरमा भने उनले पैसा पठाइरहन्छन् । 'मलाई यही रमाइलो छ । यो मजरा, यो खजुर, मयूर छाडेर कहाँ जानु ?' उनले भने । जीवनको दुई दशकभन्दा बढी समय कतारमा एक्लै बसिरहेका यादवलाई नेपालको खासै माया छैन । 'नेपाल गएर अब मलाई कसले काम दिन्छ ? यहाँ त मलाई सबै सुविधा छ । नेपाल किन जाने ?' उनले भने ।

०००

सिराहाकै ५५ वर्षीय सूर्यलाल साह पनि विगत २३ वर्षदेखि कतारमा छन् । साह सिराहामा हलुवा बनाउँथे । पहिला त व्यापार राम्रो थियो । पछि गाउँमा धेरै उधारो बिक्री हुन थाल्यो । उधारो पैसा उठाउन नसकेपछि उनले कतार जाने निधो गरे ।

०५७ सालमा एक लाख ५० हजार रुपैयाँ तिरेर उनी कतार गए । कतारमा घरको कामका लागि भनेर उनलाई लगिएको थियो । तर, काम भने खेतमा ढुंगा टिप्ने थियो । उनी पनि यादवले काम गर्ने शेखकै खेतबारी काम गर्छन् ।

शेखको घरमा धेरै मुलुकका आप्रवासी श्रमिक छन् । कम्पनीको काम हो भनेर सूर्यलाललाई कतार बोलाइएको थियो । तर, बोलाउनेले झुट बोलेका रहेछन् । 'काम त खेतमा ढुंगा टिप्ने पो रहेछ, उनले सुनाए, 'ऋण गरेर आएँ । काम नगरी फर्के ऋण कसरी तिर्ने भन्ने भयो ।'

सूर्यलाल खाना राम्रो बनाउँथे । त्यसैले एक वर्षपछि शेखले उनलाई आफ्नै भान्सामा खाना बनाउन राखे । सात वर्ष उनले शेखलाई खाना बनाएर खुवाए । त्यसपछि उनी शेखसँग सधैंका लागि बिदाबारी भएर नेपाल फर्के ।

उनी नेपाल नै बस्ने योजनामा थिए । तर, काम केही थिएन । फेरि उनले शेखलाई फोन गरे । शेखले आऊ भनेपछि उनी फेरि कतार नै पुगे । अहिले भने उनी शेखको खेतमा काम गर्छन् । उनीसँगै आठजना अरू मुलुकका कामदार पनि छन् । सूर्यलालले अरूलाई काम लगाउँछन् । उनीहरूले खेतमा घाँस लगाउने काम गर्छन् । 'घाँसको बिउ ल्याउने, बिरुवा बनाउने काम गर्छौं । दिउँसो धेरै गर्मी हुन्छ । त्यसैले राति नै सबै काम सक्छौं,' उनले भने । शेखका थुप्रै ऊँट र भेडा छन् । तिनीहरूकै लागि उनीहरू गाँसको खेती गर्छन् ।

यादवजसरी सूर्यलालचाहिँ विदेशमै बसिरहन चाहँदैनन् । उनी बाँकी जीवन परिवारसँग बिताउन चाहन्छन् । उनले भने, 'धेरै समय भयो बिदेसिएको, अब घर फर्कने ।'



कलामार्फत प्रतिरोध

नेपालमै पहिलो दलित क्वियर ललितकला प्रदर्शनी राजधानीमा सुरु भएको छ । 'जात व्यवस्था र यौनिकता : कलामार्फत प्रतिरोध' नाम दिइएको प्रदर्शनी मंसिर १४ गतेदेखि २० गतेसम्म जारी रहने आयोजक संस्थाहरू (सामरी उत्थान सेवा, किओस फाउन्डेसन र नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान) ले जनाएका छन् । बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म प्रदर्शनीको समय तोकिएको छ । बिहीबार संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले कला प्रदर्शनीको उद्घाटन गरेका थिए । प्रतिष्ठानको अरनिको ग्यालरीमा प्रदर्शन एक सातासम्म जारी रहनेछ । आयोजक संस्थामध्ये एक सामरी उत्थान सेवाकी अध्यक्ष विमला गायकले यो प्रदर्शनीबाट नयाँ इतिहासको सुरुवात भएको बताइन् । उनले भनिन्, 'आन्दोलनभित्र छुटेको दलित लैंगिक तथा यौनिक अल्पसंख्यक व्यक्तिहरूको सवाललाई चित्रकलामार्फत पहिलोपटक प्रस्तुत गरिएको हो । यो आफैंमा नयाँ इतिहासको सुरुवात हो । यो आन्दोलनको सम्पत्ति पनि हो ।' यो आन्दोलनको गौरव पनि भएकाले यसलाई स्थानीय तहसम्म लैजाने उनले बताइन् । दलित क्वियर, नेपालकी संयोजक नतासा परियार उत्पीडनलाई सम्बोधन गर्न यो प्रदर्शनी आयोजना गरिएको बताउँछिन् । भन्छिन्, 'दलित र यौनिक अल्पसंख्यक समुदायले भोगेका उत्पीडनलाई सम्बोधन गर्न यो प्रदर्शनीले थप महत पुऱ्याउने अपेक्षा गरेका छौं ।' दलित क्वियर अभियन्ता सुलोचना पञ्चकोटी कला प्रर्दशनीको उद्देश्य गौरवपूर्ण इतिहासको खोजी गर्नु पनि रहेको बताउँछिन् । उनी भन्छिन्, 'यो कला प्रदर्शनीको मुख्य औचित्य लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायको आन्दोलनभित्र जातका आधारमा दलितहरूले भोगेका समस्याहरूको उजागर मात्र होइन, उनीहरूको पहिचान, सहभागिता र गौरवपूर्ण इतिहासको खोजी गर्नु हो ।' प्रदर्शनीमा ३७ कलाकारका चित्रकला राखिएका छन् ।



दिपेन्द्र ढुंगाना
.....@gmail.com

फोटो कथा







लाहुरेको रेलिमाई
युद्ध-अभिव्यञ्जनाको कथा

साँच्चै, मित्रसेनको कहानीले कति ठाउँमा त अरेली काँडाले जस्तै हृदय चिथोरेर छियाछिया बनाउँछ



लक्ष्मण वियोगी
biyogi2@gmail.com

चर्चा

११ अगस्त १९१४ अर्थात् भाम्सु धर्मशाला छाउनी छोडेको दिन । (पृ. ७)

विजय हितानकृत उपन्यास 'लाहुरेको रेलिमाई'भित्रको यो वाक्यले मलाई सुरुमै तान्यो । म रुख-बिरुवामा वनका लहरा फनफनी बेरिएझैं बेरिएँ । यो उत्तरआधुनिक कुइनेटोमा जन्मेको मेरो भावना उडेर २०० वर्षअघिको इतिहासतिर फर्कियो । कहिले त भावनाको उल्टो दिशामा हिँड्न उत्पातै कुतूहल र रोमाञ्चक हुँदो रहेछ, प्रियसीको जाले रुमालको रुमानी याद साँचेर पल्टन हिँडेको लाहुरेजस्तै ।

१/१ गोर्खा राइफलमा भर्ती भएको मित्रसेनको पहिरनले उसैगरी तान्यो- जसले, मेरो भावनाको देउरालीमा प्राक्इतिहास, पुराण, महाभारत, गीता, र आधुनिक इतिहासका कलेवरहरू एकैपटक टल्किए । टाउकोमा मकै भुट्ने हाँडीजस्तो हेल्मेट, बलिष्ठ ज्यानमा खाकीको कमिज, खैरो जाँगे, जाँगेलाई खैरो पेटीले अड्काएको, पेटीमा धारिलो खुकुरी झुन्डिएको, खुट्टामा बुटपट्टी कसेको ! (पृ. ७) म के वर्णन गरूँ ? पठनको थालनीमै आँखामा एउटा प्राचीन थेटरको झल्को आयो ।

काठमाडौंको व्यस्त जीवनको झाडीभित्र पनि मलाई 'लाहुरेको रेलिमाई'ले पछ्याइरह्यो, मित्रसेन, पहिलो विश्वयुद्ध र लाहुरेका कथा भनिरह्यो । कहिले दुई-चार पृष्ठ त कहिले रात ह्वांगै हुँदासम्म म 'लाहुरेको रेलिमाई' भित्र मित्रसेनसँगै पानीजहाजमा युद्ध-मैदानतिर हिँडिरहें ।

भाम्सु धर्मशालादेखि पठानकोट, धौलाधर हिमशृंखला हेर्दै, कालापानी तरेर बम्बै जाने रेल चढेको मित्रसेनको यात्राले म नोस्टाल्जियामा हराउँदै गएँ- मोहनी हरक मिसिएर बग्ने हावा पिएका पाखा-पखेराका बलिया पाखुराहरू त्यसरी नै गोरखपुर भर्ती हिँडेका थिए होलान् । रातभरि रोदीमा जोर मादलको तालमा रेलिमाई इझाउरे गाएका ठिटाहरूको अनुहार बिहान मलिन हुन्थ्यो । तिनीहरू भालेको डाँकोसँगै दुई-चार फाँक सोल्टिनीको कसिलो माया रुमालमा भरेर पल्टन फर्किन्थे होलान् । बैना रुमाल नपाउनेले भन्थे होलान्- मै साँची राखुँला, मायालु देऊ रुमाल फूल भरेको ...।

त्यही र त्यस्तै भाका गुनगुनाउँदै धौलागिरि हिमाललाई कोल्टे पारेर, कालीगण्डकीको सुसाइमा पिरती सुसेल्दै हिँड्थे होलान् । यसरी नै गण्डकी पानीढलोबाट बगेर जाने लाहुरेहरू बटौली हुँदै नौतुना तर्थे र गोरखपुर कुनाघाटको डिपोमा मिसिन पुग्थे होलान् । त्यहाँ पुगेर ब्रिटिस भारतीय छाउनीका लागि ज्यान नै बन्धकी राख्थे होलान् ।

मित्रसेन भाम्सु धर्मशालामा जन्मेर ब्रिटिस फौजमा भर्ती भए पनि उनले सिंगै पितृभूमि बोकेर हिँडेका छन् । धौलाधर हिमाललाई धौलागिरि र माछापुच्छ्रे कल्पेका छन् । कालंगा र चक्की नदीलाई कालीगण्डकी र मर्स्याङ्दीसँग मित लाइदिएका छन् । जसमा, कृतिकारले केही आफ्नै मीमांशाको चटनी पनि मिसाएका छन् ।


'लाहुरेको रेलिमाई'मा युद्धकथा मात्रै छैन, प्रेम-विरह छ । धर्म-संस्कृति, संस्कार र सभ्यता पनि छ । अझ भनौं, गीत-संगीतका मखमली भाका छन् । त्योभन्दा पनि पर पितृभूमिप्रतिको अघ्योरै प्रेम छ । यो संस्कार र सभ्यता परभूमिमा कसरी अक्षुण्ण राख्ने भन्ने ठूलो पिरलो छ । यो











जाँगर, हौसला र दायित्व पनि थपिएको छ

...तर मेरो सपना र उद्देश्यमा यसले फरक नै पार्छ भन्ने लाग्दैन

सन् २०२३ का लागि नेपालमा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको हकमा काम गरिरहेकी रुक्साना कपालीलाई बिबिसीले 'हाउजिङ क्याम्पेनर'अन्तर्गत १०० प्रभावशाली महिलाको सूचीमा राखेको छ। यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको हकहितमा निरन्तर डटिरहेकी कपालीसँग मञ्जु टेलरले **गरेको संवाद :**



कुराकानी › रुक्साना कपाली, अभियन्ता

नेपालबाट ट्रान्सजेन्डर महिलाको रूपमा तपाई पहिलोपटक प्रभावशाली तथा प्रेरणादायी महिलाको सूचीमा पर्नुभएको छ। यसले तपाईंको अभियानमा कस्तो प्रभाव पार्छ ?

बिबिसीको प्रभावशाली महिलाको सूचीमा पर्नु मेरो लागि ठूलो उपलब्धि हो। योसँगै काम गर्ने जाँगर, हौसला र दायित्व पनि थपिएको छ। अझै बलियो रूपमा क्याम्पेनिङ गर्न सजिलो हुन्छ भन्ने आशा छ। बिबिसीले दिएको पहिचानले मप्रतिको धारणामा परिवर्तन आइरहेको छ। धेरैजनाले मलाई सकारात्मक टिप्पणी गरिरहेको देखेको छु। मिडियादेखि आममानिसलाई एकखालको चासो बढाएको छ, जसलाई टेकेर मैले आफ्नो काम अगाडि बढाउन सकुँ भन्ने लागिरहेको छ। यसबाहेक मैलै एलजिबिटिआई समुदायको हक र खासगरी आवासको हकको विषयमा गरिरहेको काम गर्न सजिलो बनाइदिएको छ। जुन काम मैले एक वर्षदेखि निरन्तर गरिरहेको थिएँ, मलाई हाउजिङ क्याम्पेनरको रूपमा चिनाइएपछि नेपाली मिडियाले समेत चासो दिएका छन्, जसमार्फत मलाई काम गर्ने वातावरण झन् सजिलो हुँदै जान्छ भन्ने अनुभूति भइरहेको छ। यो पहिचानले मलाई मोटिभेट गरेको छ। काममा थप ऊर्जा थपेको छ। तर, मेरो सपना र उद्देश्यमा यसले फरक नै पार्छ भन्ने लाग्दैन।

तपाईं यो क्षणालाई सफलता मान्नुहुन्छ कि चुनौती ?

सफलतासँगै चुनौती थपिएको रूपमा म यसलाई लिन्छु। नेपालमा मात्र नभई अन्तर्राष्ट्रियस्तरमा मेरो कामको माध्यमबाट चिनिएसँगै दायित्व बढेका छन्, जसले अझै यसलाई निरन्तरता दिने र थप बलियो कसरी बनाउने भन्ने विषयमा सोच्न बाध्य बनाएको छ।

पारलैंगिक महिलासहित यौनिक तथा लैंगिक अल्पसंख्यकहरूको मुद्दामा तपाईंको सक्रियता अब कस्तो हुन्छ ?

अहिले म यही विषयमा धेरै व्यस्त छु। यो सफलतासँगै यौनिक अल्पसंख्यक समुदायले मप्रति सहयोगको अपेक्षा बढाएको महसुस गरेकी छु। पछिल्लो समय समस्या लिएर आउने र समाधानका लागि के-के गर्न सकिन्छ वा कसरी अन्य व्यक्तिलाई सहयोग गर्न सकिन्छ भनेर छलफल गर्ने आउने संख्यासमेत बढ्दै गइरहेको छ। समग्रमा भन्नुपर्दा, रुक्सानाले गरिरहेको काम के हो भन्ने परिचय आममानिसले थाहा पाउने माध्यम बिबिसीले बनाइदिएको छ।

सानै उमेरमा आफ्नो नाम र पहिचानका लागि संघर्ष गर्दै शिक्षा मन्त्रालयदेखि, संसद्, अदालत, आयोगसम्म धाइसक्नुभएको छ। नेपालको तर्फबाट बिबिसीको प्रभावशाली वर्षव्यक्तिका रूपमा चिनिँदै गर्दा तपाईंले सानै उमेरमा गर्नुभएको संघर्षका दिनहरूलाई कसरी सम्झिनु हुन्छ ?

१३-१४ वर्षदेखि नै आफू फरक लैंगिकता लिएर हुर्किरहेको छु भन्ने महसुस हुन थालेदेखि नै समाजबाट विभेद खेपेको छु। आफ्नो लैंगिक पहिचानसहित स्वतन्त्र बाँच्न पाउनुपर्छ भन्ने आधारभूत सिकाइबाट नै मेरो संघर्ष सुरु भयो। लैंगिक पहिचानकै लागि लड्दा मलाई शिक्षा मन्त्रालयदेखि, संसद्, अदालत, आयोगसम्म पुऱ्याएको हो, जुन संघर्ष अहिलेसम्म चलिरहेकै छ। यो समयमा मेरो व्यक्तिगत जीवनमा धेरै परिवर्तन आइसकेका छन्। तर, मेरो संघर्षको कारणले लैंगिकताको विषयमा जुन 'स्टेरियोटाइप्स' थिए, ती पनि बिस्तारै परिवर्तन भइरहेका छन्। पछिल्लो समय फरक लैंगिकताकै आधारमा परिवार र समाजबाट हुने विभेद आफ्नै आँखाअगाडि कम हुँदै आइरहेको देखेकी छु। जसले गर्दा समाजमा खुल्ने आत्मविश्वास बढाइरहेको छ। जुन हाम्रो उपलब्धि हो। संघर्ष अझै बाँकी छ, तर पहिचानले सजिलो बनाउँदै लगेको छ।

बिबिसीले दिएको पहिचानले मप्रतिको धारणामा परिवर्तन आइरहेको छ। धेरैजनाले मलाई सकारात्मक टिप्पणी गरिरहेको देखेको छु। मिडियादेखि आममानिसमा एकखालको चासो बढाएको छ, जसलाई टेकेर मैले आफ्नो काम अगाडि बढाउन सकुँ भन्ने लागिरहेको छ।

नेवारी परिकार संरक्षणका लागि 'पाहां छें'



नेपाल भाषामा पाहां भनेको पाहुना र छें भनेको घर हो। आन्तरिक तथा बाह्य पर्यटकलाई नेवारी परिकार चखाउनका लागि पाहां छें (पाहुनाघर) सञ्चालन गरेका हुन्। पाहुनाघरमा रैथाने नेवारी परिकारको स्वाद लिन पाउने सञ्चालकहरूले बताएका छन्।

धार्मिक र पर्यटकीय सहरको रूपमा लिइन्छ काभ्रेको पनौती बजारलाई। नेवार समुदायको बाहुल्य रहेको सहर हो पनौती। पहिले-पहिले पनौतीमा विभिन्न जात्रा र नेवारी परिकारहरू पाइन्थ्यो। तर, अहिले पनौतीमा नेवारी खाना लोप हुने अवस्थामा छ। नेवारी खाजा र खाना खानको लागि चाडपर्व नै कुर्नुपर्ने हुन्छ। अहिले लोप हुन लागेको नेवारी परिकारलाई संरक्षण र प्रवर्द्धन गर्न पनौती पर्यटन विकास केन्द्र र महिला समूहको सक्रियतामा नेवारी परिकारसहित 'पाहां छें' अर्थात् पाहुनाघर खोलेका छन्। काठमाडौंबाट करिब ४० किलोमिटर पूर्वदक्षिणमा रहेको पनौतीमा महिलाहरूको सामूहिक प्रयासमा आन्तरिक पर्यटन प्रवर्द्धनका लागि 'पाहां छें' खुलेको हो।



इन्द्रबहादुर थापा
gaunleindra@gmail.com
खानपिन

नेपाल भाषामा पाहां भनेको पाहुना र छें भनेको घर हो। पाहुना अर्थात् आन्तरिक पर्यटकलाई नेवारी परिकार चखाउनका लागि पाहां छें खोलेका हुन्। रैथाने नेवारी परिकारको स्वाद लिन पाउने गरी पाहां छें(पाहुनाघर) सञ्चालनमा आएको छ। विभिन्न पेसा व्यवसायमा आबद्ध यहाँका महिलाहरू मिलेर सामूहिक रूपमा पाहां छ सञ्चालनमा ल्याएका हुन्। लोप हुँदै गएको नेवारी परिकार तखला(मासु र हड्डी गालेर पकाएको थलथली), योमरी र सांगाख्वा यहाँका विशेष परिकार हुन्।

बजारमा नेवारी परिकार पाउन छाडेपछि त्यो परिकारलाई लोप हुन नदिन पाहुनाघर सञ्चालन गरेको सञ्चालक सुनिता श्रेष्ठले बताइन्। बिहान बेलुकाको काम सकेपछि फुर्सदमा रहेका कारण आफूहरूले आम्दानीको नयाँ आधार खोज्ने क्रममा पाहां छें सञ्चालन गरेको उनको भनाइ छ। नेवारी परिकार बारा, योमरी, चटामरीलगायत सबै प्रकारका खाजाको परिकार एकै ठाउँमा पाउने गरी खाजाघर सञ्चालनमा ल्याएको उनले बताइन्।

नेवार समुदायले कुनै चाडपर्व वा भोजमा पाहुनाहरूलाई समयबजी खुवाउने गर्छन्। यसमा चिउरा, छोयला, आलु, अचार, भटमास, बारा, साग, अदुवा, बोडीका साथै अन्य परिकारहरू टपरीमा राखेर दिन्छन्। पछिल्लो समय माछाको सिद्रा र हड्डी गलाएर बनाएको परिकार पनि हराउँदै गएको छ। अन्डा, बारा, माछा, भुटन, ह्नपु, तिस्य, छोइला, ऐलालगायतको परिकार पनि नेवारी संस्कृति झल्किने परिकार हुन्। पछिल्लो समय यस्ता परिकार भोजबाट हराउन थालेको छ। हराउँदै गएका खानाका परिकारहरूलाई पुनर्जीवित गर्न पनि पाहां छें सुरु गरिएको श्रेष्ठ बताउँछिन्।

पनौती नगरपालिका वडा नम्बर ६ स्थित तरकारी बजारमा खुलेको पाहां छें चारजना उद्यमी महिलाहरू (सुनिता श्रेष्ठ, रीता कर्माचार्य, अमृता श्रेष्ठ र रमा कर्माचार्य) मिलेर सञ्चालनमा ल्याएका हुन्। करिब पाँच लाख लगानी गरी पाहां छें सञ्चालनमा ल्याएको उनीहरूको भनाइ छ।

लोप हुन लागेको नेवारी परिकार प्रवर्द्धनका लागि पर्यटन विकास केन्द्र पनौतीले सहयोग गरेको छ। लोप हुन लागेको रैथाने परिकारलाई संरक्षण गर्नका लागि पाहां छेंलाई पर्यटन विकास केन्द्रले सहयोग गरेको पनौती पर्यटन विकास केन्द्रका अध्यक्ष पुरुषोत्तम कर्माचार्यले बताए। आन्तरिक तथा वाह्य पर्यटक पनौतीमा आउँदा कहाँ के खाने भनेर भौंतारिनु नपरोस् भनेर पाहां छें सञ्चालनमा ल्याएको उनको भनाइ छ। नेवारी परिकारका पारखीहरू आएमा कुनै पनि नेवारी परिकार तयार हुने उनको भनाइ छ।

पनौती नगरपालिका प्रमुख रामशरण भण्डारीले नेवारी परिकारलाई प्रोत्साहन गर्न नगरपालिकाको तर्फबाट सहयोग रहने बताए। नगरभित्र सञ्चालन हुने उद्योग व्यवसायमा पनि आफ्नो मौलिक व्यवसायलाई स्थापित गर्नेलाई नगरपालिकाले सकेको सहयोग गर्ने नीति रहेको उनको भनाइ छ। यसअघि पनि पनौती नगरपालिका वडा नम्बर ७ पुरानो बजारमा महिलाहरूको सामूहिक लगानीमै पन्ति कौला छें सञ्चालनमा आएको छ।



बेलायती लाहुरे जीवनको ऐतिहासिक अमेट चित्र हो।

पहिलो विश्वयुद्ध लड्न समुद्रको क्षितिजमा तैरिँदै बेल्जियमको फ्लान्डर्स तथा मेसोपोटामियातिर हिँडेको दृश्यले कता-कता अर्नेस्ट होमिङ्वेको उपन्यास 'बूढो माझी र समुद्र'को झझल्को पनि दिलाउँछ। समग्रमा मित्रसेनले भाग्सुको आफ्नै निवासमा जीवनको अन्तिम आरती गाउँदासम्म युद्ध, संस्कार-सभ्यता, प्रेम, कुरीतिजस्ता अनेक मार्मिक कहानी भन्छन्। जसले कहीं उत्तेजित बनाउँछ, कहीं आफूसँगै बम, गोली र ग्रिनेट बर्साउँछ। आफ्नी सहयात्रीप्रतिको प्रेम उर्लिएर आउँछ। उता, नेपाली गोर्खाहरूले सोल्टिनीको पिरती साँचिराखेको कथा भनिरहन्छन्।

युद्धमा पुकुपुकु सहयोद्धाहरू ढल्दै गएपछि वियोगमा अनायासै मेरा पनि आँखा भरिन्छन्। त्यो विरानो भूमिमा अनाहकमा गोर्खालीहरूलाई ज्यानको आहुति दिन बाध्य पार्ने ब्रिटिस गोराप्रति मित्रसेन मुर्मुरिन्छन्। कृतिको सुरुदेखि अन्त्यसम्म गोर्खाली सेनाको स्वतन्त्र बाँच्ने अधिकार खोसेर जबर्जस्ती युद्धमा होमेको अन्यायपूर्ण गाथा रोकिँदैन। साच्चै, मित्रसेनको कहानीले कति ठाउँमा त अरेली काँडाले जस्तै हृदय चिथोरेर छियाछिया बनाउँछ।

'लाहुरेको रेलिमाई'लाई युद्ध-कर्खा भन्दा अत्युक्ति हुँदैन। यसमा युद्धका घटना, परिघटना मात्रै छैन। ८०-१०० वर्षअगाडि नेपाली गाउँगाउँ डुलेर गन्धर्वहरूले गाउने लडाइँ, सामाजिक घटना र हर्कबढाइँका कर्खाको लयात्मक भाव पनि छ। त्यसमा सुर, ताल, भाव, आँसु-हाँसो र विरहका गाथा छन्। 'लाहुरेको रेलिमाई', झलकमान गन्धर्वले गाएको आमैले सोध्लिन् नि, खै छोरो भन्लिन् ... बोलको युद्ध-कर्खाजस्तै मार्मिक छ। त्यहाँ कलमले तथ्यको सारंगी रेटेको छ। भावना उम्लेर अक्षर खसेका छन्। अक्षरहरू विह्वल भएर विलापको धुन निकालेका छन्।

भाग्सुदेखि जल र थलको यात्रा गर्दै स्वेज नहर तेरे चार महिनामा चार हजार माइलभन्दा लामो दूरी तय गरेर सैनिकहरू फ्रान्सको गिभान्ची पुग्छन्। १४ डिसेम्बर १९१४ को बिहान १० बजेबाट हमला सुरु हुन्छ। युद्ध लडिरहँदा मित्रसेनमा चरम निराशा उत्पन्न हुन्छ। मरेको, मारेको, मर्न प्रेरित गरेको, सीमा कब्जा तथा विस्तारवादको आधिपत्य जमाउनेप्रति आक्रोश पोखिन्छ।

निकै मिहिन ढंगले विस्तारवादी गोरा र सरल गोर्खाहरूको तुलना गरिएको छ। गोराहरूमा साम्राज्यवाद विस्तार गर्ने र हैकम जमाउनेजस्ता प्रवृत्ति हाबी भएको देखिन्छ। यता, गोर्खाली सैनिकले कर्तव्य पालना गर्ने, अरूको सम्पत्ति लिनै परे पनि अरूलाई खुसी पारेर लिन चाहने प्रवृत्तिको चित्रण गरिएको छ।

अर्कोतिर, युद्धमैदानको हृदयविदारक कहानी छ। बम, गोली र बारुदले कति सैनिक सहित बन्न पुग्छन्। डिसेम्बरको चिसो ठिहीमा लासहरू फ्रिजमा राखेजस्तो हिउँको डुंगा बन्न पुग्छन्। बाँचेका सहयोद्धाले तिनलाई धमाधम खाल्डो खनेर दर्जनौं लास पुर्छन्। पढ्दै जाँदा युद्धका यस्ता बीभत्स दृश्यले शरीर थरहरी काम्छ। मुटु फुटेर बाहिर निस्केलाजस्तो हुन्छ। सँगैका सहयोद्धा मारिइरहँदा जिउँदाहरूमा मृतकप्रति प्रेमभाव बढ्दै जाने होला। शत्रुसँग बदला लिनकै लागि लाहुरेलाई जीवनप्रति बेपर्वाह बनाउँदो हो र त मृत्युतिर धकेलिरहने होला।

नेपाली समाजमा लाहुरेको चित्र कति सुकिलो देखिन्छ, उसको फुर्तीफार्ती, धन-पैसा, रवाफ, र इज्जत। सामाजिक परम्पराको फलैंचामा उसको स्थान कता हो कता माथिल्लो तहमा हुन्छ। तिनै लाहुरेहरूको युद्ध मैदानको वास्तविक जीवनलीला कस्तो हुन्छ ? धेरैले कल्पना गरेका हुँदैनन्। सँगैको साथी लड्दा-लड्दै मऱ्यो भने राम्रो दाहसंस्कार पाउँदैन। खोला, खोल्सा, भिर, पहरामा बाघ-भालुकै लागि छोडेर रुँदै हिंड्नुपर्ने, कस्तो विडम्बना !

कति अपत्यारिलो लाहुरेको जीवन, कस्तो विचित्र परिघटना, बाँचेकै छ भन्ने व्यक्ति मरेको हुन सक्ने। मऱ्यो भनेर दाहसंस्कार गरेको फर्केर आउने। यस्ता घटनाले भयाक्रान्त परिस्थिति सिर्जना गरेको छ- मऱ्यो भनेर दाहसंस्कार गरेको नम्बरी नरसिंह जर्मनीको युद्धबन्दीबाट छुटेर आएपछि। यति हुँदा पनि युद्धभूमिप्रति लाहुरेहरूको कत्रो आकर्षण ! सायद, त्यही ठाउँलाई रगत र पसिनाको बलि चढाएकाले होला !

यो कृतिले युद्धजन्य अभिघातक कहानी कहेको छ, त्यसका भोक्ता हुन् लाहुरेहरू। सम्झिँदा पनि मन ज्वालामुखी भएर आउँछ। मर्नेहरू त मरेर जान्छन्। बाँच्नेहरूको कथा संसारका कमै कृतिहरूमा लेखियो होला। वास्तवमा लाहुरेहरू सयौंपटक मरेर बाँचेका हुँदा रहेछन्। त्यही युद्धले खाएको, चिथोरेको र कोपरेको शरीर फर्काएर ल्याउँछन्, बाआमा, छोराछोरी, प्रियसी र सोल्टिनीहरूका नाममा। यो नदेखिने वियोगको कथा गाउँगाउँमा एउटा अलग्गै उत्सव बनेर भित्रिन्छ, कस्तो अचम्म र उदेक ! लेख्न छुटेका गोर्खाहरूका मुटु चिरिने कति कथाहरू अझै पनि ट्रिगिस र युफ्रेटस नदी किनारमा, मार्से र गिभान्चीमा, बेलायत, फ्रान्स र बेल्जियमका सीमाहरूमा अर्धचेत अवस्थामै होलान्।


समग्रमा, नेपाली साहित्यमा लेखनकला र विषयवस्तुका हिसाबले एक पृथक् कृति आइपुगेको छ। लेखक स्वयं लाहुरे हुन् र सम्बन्धित विषयवस्तुमा लामो अध्ययन तथा भ्रमणपश्चात् उनले यो उपन्यास लेखेको बुझिन्छ। यसर्थ यसभित्रका कथा पटकथा वास्तविक लाग्छन् र पाठकका लागि यो पुस्तक अति नै रुचिकर हुनेछ भन्ने मैले विश्वास लिएको छु।

भयावह बन्दै एक्लोपन

सामाजिक रूपमा एक्लो भएका मानिसले धेरै कम व्यायाम गर्छन्, अधिक मदिरा पिउँछन्, धूम्रपान गर्छन् र प्रायः राम्रोसँग सुत्दैनन्



भारती मिश्र नाथ
keshabg100@gmail.com
समाज



एक्लोपनलाई जनस्वास्थ्य समस्याको रूपमा अंकित गर्दै विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले हालै एक प्राविधिक सल्लाहकार समिति गठन गरेको छ र यसलाई कम गर्न तथा पीडितलाई मार्गदर्शन गर्न विज्ञहरूको खोजी गरिरहेको छ। संयुक्त राष्ट्रसंघीय स्वास्थ्यसम्बन्धी उक्त निकायले सामाजिक अलगाव र एक्लोपन (जसले सामाजिक सम्बन्धमा हुने कमीलाई प्रतिबिम्बित गर्दछ)ले सबै उमेर समूहका मानिसहरूलाई असर गर्ने, मृत्यु, शारीरिक तथा मानसिक स्वास्थ्य (आत्महत्या जोखिमसहित) समस्या ल्याउने जनाएको छ।

उदाहरणका लागि सामाजिक अलगाव र एक्लोपन मृत्युको २५ देखि ३३ प्रतिशतसम्म कारण मानिएको छ र यो बढ्दो क्रममा छ। यो अहिले व्यापक रूपमा मृत्युको कारक मानिएका छन्, जुन मोटोपन, शारीरिक गतिविधिको अभाव, धूमपान, अन्य प्रकारका पदार्थको दुरुपयोग र स्वास्थ्य सेवामा कमजोर पहुँचजस्तै महत्त्वपूर्ण छन्।

एक कठोर मनोवैज्ञानिक वाक्यमा एक्लोपनलाई 'सामाजिक सम्बन्धका लागि आफ्नो इच्छा र यसको वास्तविक अनुभवबीचको खाडल महसुस गर्दा उत्पन्न हुने दुःख वा असुविधाको अवस्था' भनेर परिभाषित गरिएको छ। एक्लोपनको सामान्य लक्षणमा एक्लै धेरै समय बिताउनु, आफूलाई भौतिक चिजहरूले घेर्नु र तिनीहरूसँग संलग्न हुनु, सामाजिक सञ्जालमा धेरै समय बिताउनु, नकारात्मक भावना र अनुभवलाई त्याग्न नसक्नु, सधैँ थकित महसुस हुनु, वजन बढ्नु आदि हुन्।

एक्लोपन समस्या एक्लै बस्ने मानिसहरूमा मात्र सीमित छैन। भिडभाडको परिवेशमा र सुखी परिवारमाझ पनि मानिसहरूले गहिरो र व्यापक एक्लोपन महसुस गर्न सक्छन्। एक्लोपनले समृद्धि र दीर्घकालीन शारीरिक स्वास्थ्यमा गम्भीर खतरा निम्त्याउने अनुसन्धानले देखाएका छन्।

'सामाजिक अलगाव र एक्लोपन बढ्दो रूपमा महत्त्वपूर्ण सार्वजनिक स्वास्थ्य समस्याको रूपमा परिचित छन्। एक बलियो सामाजिक सम्बन्धले स्वास्थ्यको रक्षा गर्छ भने सामाजिक सम्बन्धको कमीले हृदय रोग, मोटोपना, र डिप्रेसनको जोखिम बढाउँछ। भारतको अहमदाबादका चिकित्सक डा. दीपक चौधरी भन्छन्, 'एक्लै वा सामाजिक रूपमा एक्लो भएका मानिसहरूले धेरै कम व्यायाम गर्छन्, अधिक मदिरा पिउँछन्, धूमपान गर्छन् र प्रायः राम्रोसँग सुत्दैनन्।'

यसकारण बढ्दै छ एक्लोपन

धेरै फाइदासहितको सहरीकरणले पनि सामाजिक अन्तर्क्रियाको कमी ल्यायो। मानिसहरू राम्रो रोजगारीका अवसर, सुधारिएको जीवनशैली, सेवा-सुविधाको उपलब्धता, सार्वजनिक पूर्वाधार र यातायात प्रणालीका लागि गाउँबाट सहर र महानगरमा बसाइँ सरे। तर, यस प्रक्रियामा मानिसहरूले आफ्नो सामाजिक र पारिवारिक पहिचान र नयाँ वातावरणमा सम्बन्ध गुमाएका छन्, कंक्रिटको गुफामा लगभग गुमनाम जीवन बिताइरहेका छन्। खुसी बिस्तारै भौतिक उपलब्धिको भावनासँग जोडिन थाल्यो। राम्रो तलब र भत्ताका लागि बढेको कार्यभारले मानिसले सामाजिक गतिविधि र गतिशिलताका लागि समय दिन सकेन।

> मानिसहरू कंक्रिटको गुफामा लगभग गुमनाम जीवन बिताइरहेका छन्। खुसी बिस्तारै भौतिक उपलब्धिको भावनासँग जोडिन थाल्यो। राम्रो तलब र भत्ताका लागि बढेको कार्यभारले मानिसले सामाजिक गतिविधि र गतिशिलताका लागि समय दिन सकेन।

भारतमा भिडभाडयुक्त सहरमा हामी एक्लोपनलाई चिन्न वा यससँग सम्बन्धित मानसिक स्वास्थ्य समस्या स्वीकार गर्न असफल हुन्छौं। हाउजिङ सोसाइटी र कोलोनीमा बस्ने संयुक्त परिवारले आफ्ना छिमेकीलाई चिन्दैनन्। लामो काम र नियमित आवतजावत हुने महानगरहरूमा मानिसहरू सप्ताहन्त र बिदामा घरभित्रै बस्न रुचाउँछन् जसले उनीहरूमा भिडमा एक्लो रहने (लन्ली इन क्राउड) सिन्ड्रोम संकेत गर्छ। परिवारका काम गर्ने सदस्यहरूलाई वृद्ध आमाबाबु र हुर्केका बच्चाहरूसँग कुराकानी गर्न समय छैन।

सामाजिकीकरण गर्न चाहनेहरूलाई पारिस्थितिक प्रणालीका मानिसहरूले उनीहरूको प्रवासी स्थिति, विश्वासको समस्या वा भाषा अवरोधका कारण धेरै अवस्थामा स्वीकार गर्दैनन्। लगभग नगण्य वा सार्वजनिक ठाउँ नभएको सहरी पिँजडाजस्तो अपार्टमेन्टमा बन्द, एकान्तले वृद्धहरूको शारीरिक र मानसिक स्वास्थ्यलाई असर गरिरहेको छ भने युवा पुस्ताले अत्यधिक सामाजिक सञ्जाल प्रयोग र कम मानव अन्तर्क्रियाको माध्यमबाट आफूलाई अलग गर्दै छ। भारी सामाजिक मिडियाले अलगाव वा विच्छेद निम्त्याउने तथा प्रतिकूल स्वास्थ्य परिणाम र डिप्रेसनसहित मृत्युदर बढाउने विभिन्न अध्ययन-अनुसन्धानले औंल्याएका छन्।

'जब मानिस सामाजिक रूपमा एक्लिन्छन्, तिनीहरूले नियमित शारीरिक गतिविधि, सन्तुलित आहार, र समयमै चिकित्सा हेरचाह खोज्नेजस्ता स्वस्थ व्यवहारमा संलग्न हुने सम्भावना कम हुन सक्छ। यसले थप स्वास्थ्य समस्या र उच्च मृत्यु जोखिम बढाउन सक्छ। सामाजिक सहयोगको अनुपस्थितिले बिरामी वा संकटको समयमा भावनात्मक र व्यावहारिक सहयोगको अभाव हुन सक्छ, जसले व्यक्तिहरूलाई स्वास्थ्य चुनौतीको सामना गर्न र त्यसबाट निको हुन अझ चुनौतीपूर्ण बनाउँछ,' दिल्लीस्थित क्लिनिकल मनोवैज्ञानिक डा. प्रेरणा कोहली भन्छिन्।

चिकित्सकहरूले एक्लोपन कम गर्ने उपायबारे सुझाव दिइरहेका छन्। स्वसहायता समूह र सामाजिक स्वयंसेवकले एकांकीपनको नराम्रो प्रभावलाई कम गर्न जागरुकता र प्लाटफर्म सिर्जना गर्ने प्रयास गरिरहेका छन्। यो बारम्बार महसुस गरिएको छ कि पीडितहरूले कलंकको डरले सहयोग माग्न हिचकिचाउँछन्। भारत एकांकीपन न्युनीकरणका लागि प्राविधिक र सामाजिक हस्तक्षेप प्रदान गर्न अग्रणी हुन सक्छ। यसका लागि विद्यालय र कलेजले पाठ्यक्रमको एक भागको रूपमा परियोजना प्रस्तुत गर्न सक्छन्। विद्यालय तथा कलेजले एकान्तमा परेका व्यक्तिहरूको तथ्यांक संकलन गर्ने र उनीहरूलाई दैनिक फोन कल गर्ने, जन्मदिन मनाइदिने र उनीहरूलाई जीवनको सान्दर्भिक महसुस गराउनेजस्ता सरल कदम चालेर सामाजिक सेवामार्फत समुदायलाई मद्दत गर्न सक्छन्।

'सामाजिक सम्बन्ध बनाउन र मजबुत पार्न सक्रिय रूपमा लगानी गर्नुहोस् जसअन्तर्गत साथी र परिवारसँग बस्ने, क्लब वा सामाजिक समूहमा सामेल हुने र नयाँ मानिसलाई भेट्ने प्रयास पर्छन्। बढ्दो डिजिटल संसारमा प्रविधिले सम्बन्ध सहज बनाउन सक्छ। सामाजिक सञ्जाल, भिडियो प्रयोग गर्नुहोस्। विशेष गरी, भौगोलिक रूपमा टाढा भएका प्रियजनसँग सम्पर्कमा रहन टेलिफोन तथा सन्देश पठाउनुहोस्,' डा. कोहली सल्लाह दिन्छिन्।

'त्यस्तै, सामुदायिक गतिविधिमा भाग लिनुहोस् जसमा सामुदायिक कार्यक्रम, स्वयंसेवा, वा स्थानीय संस्थामा संलग्नता समावेश छ। यसले तपाईंलाई आफ्नो रुचि र मूल्य साटासाट गर्न नयाँ मानिसलाई भेट्न मद्दत गर्न सक्छ। यदि एक्लोपनले तपाईंको समृद्धिलाई महत्त्वपूर्ण रूपमा असर गरिरहेको छ भने मार्गदर्शन र समर्थनका लागि मानसिक स्वास्थ्यकर्मीसँग परामर्श गर्ने विचार गर्नुहोस्। तिनीहरूले अन्तर्निहित मुद्दाहरूलाई सम्बोधन गर्न र सामना गर्ने रणनीति प्रदान गर्न मद्दत गर्न सक्छन्,' उनी अगाडि सुझाउँछिन्।

नीति-निर्माताहरूले एक्लोपनलाई समस्याको रूपमा स्वीकार गर्दै पर्यावरणमा यसको समाधान खोजिरहेका छन्। महिला, बालबालिका र वृद्धवृद्धाहरू भेट्न र सामाजिकताका लागि हाम्रा सहर-बजारहरू सुरक्षित र राम्रोसँग उज्यालो भएका सार्वजनिकस्थल बन्नु आवश्यक छ। 'सक्रिय रहनु र अर्थपूर्ण, उत्पादक गतिविधिमा संलग्न अन्य व्यक्तिहरूसँग जोडिनु महत्त्वपूर्ण छ। जसका कारण उनीहरूले अरूसँग रमाइलो गर्छन्, भावना साटासाट गर्छन् र लामो समयसम्म बाँच्ने झुकाव राख्छन्। व्यायाम गर्ने प्रयास गर्नुहोस्, स्वस्थकर खाने, पर्याप्त सुत्ने र आफूलाई मनपर्ने गतिविधि पछ्याउने प्रयास गर्नुहोस्। तनाव व्यवस्थापन गर्न र सकेसम्म मानसिक र शारीरिक रूपमा स्वस्थ रहन मद्दत गर्नुहोस्' डा. चौधरी भन्छन्।

एक्लोपनको महामारीको बढ्दो विश्वव्यापी अनुपातले वास्तवमा मानिस एक सामाजिक प्राणी हो भन्ने अरस्तुको भनाइलाई पुष्टि गर्छ। संसारमा आर्थिक समृद्धि, प्राविधिक विकास र भौतिक प्रगतिका कारण खर्चयोग्य आम्दानीमा भएको वृद्धिले मानवीय सम्बन्ध पनि नष्ट हुँदै गएको छ। समस्या र समाधानका बारेमा पनि हामी सचेत छौं। हरेकले आफ्नो एक्लोपनको अवस्थाबाट बाहिर आउने कार्य गर्नुपर्छ।

(मिश्र वरिष्ठ भारतीय पत्रकार हुन्। 'एनडिटिभी'मा प्रसारित यो लेखलाई **सुभाष शर्मा**ले अनुवाद गरेका हुन्।)

उल्टो उभिएको युग



जीवन स्पर्शी
birbalampaki@gmail.com
कविता

हाफ पाइन्ट लगाएर
ब्रिटिस लाहुरेको पेन्सन पकेटमा ढल्काउँदै
बुढा सुब्बाको सेरोफेरो डुली हिँड्ने
एक हुल तरुनी तन्नेरी बटुल्ने समय मात्र होइन म
न त म बाउको कमिसनको हिस्सा बोकेर
आधुनिक डिस्को धाउने
नालायक सन्तान जन्माउने समय मात्र हुँ।

यो धर्तीलाई बेसरी लात बजारेर सोध
यो आकाशलाई हात हल्लाइहल्लाइ प्रश्न गर
पोखराको बजारमा
गाँजा खाएर बुलेट बाइक हुइँक्याउने
तालबाराहीमा टिकटक बनाएर रमाउने
बेकामको जमात हुर्काउने समय मात्र हुँदैहोइन म
आँगनीमा ओइलाइरहेको फूल साक्षी छ
सिउँदोमा सुकसुकाउँदो सिन्दुरसँग आँखा जुधाएर हेर
म त्यो आधा शताब्दी पुरानो बूढो समय हुँ
जो छेउमै बसेर हेरिरहेछ
वर्षौंदेखि गरिबी बेच्ने यो खोक्रो सहर
आत्मनिर्भरता गुमाइरहेको यो खेत-खलिहान
र दिनदिनै आफ्नो भाउ बिर्सिरहेका यी हाटबजारहरू।

ओ प्यारो मान्छे!
म एउटा यस्तो युग हुँ
तिमी आँखा च्यातेर हेर
जो पूरा देखिएर पनि अपूरो छ
रंगीन देखिएर पनि अँध्यारो छ
उभिएको देखिए पनि ढलिरहेको छ
आधारविना एक तमास ठडिरहेको छ
रेमिटेन्समाथि उल्टो फर्किएर
उधोमुन्टो उभिएर
टाउकोले टेकेर हिडिँरहेको युग हुँ म
मलाई बुझ्ने कोसिस गर
ओ मेरो प्यारो मान्छे!
तिमीले भनेको यो समृद्धिमा
फैलिरहेको छ लासहरूको गन्ध
खाडीबाट भित्रिरहेका लासहरूको गन्ध।

विपश्यना : आफैंभित्रको खोज



केशवप्रसाद पाण्डे(केशु)
keshabg100@gmail.com
ध्यान

धेरै वर्षसम्म 'विपश्यना'को नाम मात्रै सुनें। विपश्यनामै बस्ने अवसर जुरेको थिएन। त्यो अवसर अस्तिको दसैँताका जुऱ्यो। सहरमा दसैँको चहलपहल बढ्दै थियो, अक्टोबर २१ को शिविर लाग्ने दिन (फूलपातीको दिन) नजिकिँदै थियो। भाइ र सीमितबाहेकलाई भनेको थिइनँ। दसैँ छाडेर विपाश्यना जाँदै छु भन्दा के भयो त्यस्तो? केही तनावमा छस् र ? अहिले नै ध्यानमा जाने बेला भइसक्यो र ? भन्ने सुन्नुपर्थ्यो। मलाई यी प्रश्नको सामना गर्नु थिएन। शिविरमा आउने अधिकांश र मेरो पुस्ताकाले पनि यिनै प्रश्न छिचोलेरै आएका रहेछन्।

मेरा लागि घर नगएको यो पहिलो दसैँ थिएन। विपश्यना केन्द्रमा पनि चार सयले दसैँ छाडेरै आएका थिए। बिहानै भाइलाई बस चढाएर फर्कैं र आफू शिवपुरीको काखमा अवस्थित विपश्यना केन्द्रमा पुगेर झोला बिसाएँ। दसैँ छाडेर आइयो, निस्कँदा कस्तो भएर निस्कने हो भन्ने चासो धेरैको थियो। एक साधकको मोबाइल थन्काउनुअघि अन्तिम फोन प्रेमिकाको थियो, गफ सकेर उनले हाँस्दै भनेका थिए- 'आमालाई भन्दा उसलाई पो चिन्ता छ कस्तो भएर आउने हो भन्ने!' मोरङका सुदीप गड्तौलाले मोबाइल स्विच अफ गर्नुअघि अन्तिममा हसाउँदै भनेथे-' ह्वाट्सएप चेक गरेको केटाहरूले फरास खेल्न बोलाएका रहेछन्!' यसपछि मोबाइल बन्द, बोली बन्द अनि अघि बढ्यो विपश्यना ध्यान।

०००

विपश्यना २५ सय वर्षअघि भगवान् गौतम बुद्धले साधनाबाट पत्ता लगाएको ध्यान विधि हो। यसबाहेक विभिन्न समयमा उत्पत्ति हुने, फैलने र आफ्ना अनुकूलका व्याख्या, प्रयोग र विकृतिका कारण शुद्ध रूपमा रहन नसकी लोप हुँदै गएको मानिन्छ। ऋग्वेदमा पनि विपश्यनाको लाभलाई लिएर प्रशंसा गरिएको छ। विपश्यनालाई गुरुशिष्य परम्पराद्वारा बाँडिन्छ। बुद्धले बाँडेको यो विद्या बर्मामा शुद्ध रूपमा कायम रहेको र त्यसलाई, भारत हुँदै सत्यनारायण गोयंकाले नेपालमा सुरुवात गरेको पाइन्छ।

विपश्यनाका लागि पहिलो सर्त पञ्चशील (हिंसा नगर्ने, चोरी नगर्ने, व्यभिचार नगर्ने, झुटो नबोल्ने र नशा सेवन नगर्ने) पालना गर्नुपर्ने हुन्छ। विपश्यनालाई सार्वजनिक र शुद्ध धर्मको रूपमा सिकाइन्छ। प्रकृतिको कानुन सबै प्राणीमा बराबर रूपमा लागू हुने विश्वास राख्दछ। बुद्धसँग जोडिए पनि विपश्यनाले धर्मका रूपमा बुद्धलाई मान्दैन, धर्मका सम्प्रदायहरूलाई यसले विरोध गर्दछ। धर्मलाई कर्मकाण्डी रूपमा नभई जीवन जिउने कलाको रूपमा आफ्नै अनुभूतिका आधारमा धारण गर्न सकिने हुनुपर्छ भन्ने मान्यता यसको छ। यसले न कुनै धर्मको प्रशंसा गर्छ न कुनै धर्मको निन्दा नै। आफ्नै अनुभूतिको सत्यलाई मानेर धर्मलाई अपनाउनमा यसको जोड रहन्छ।

साधनाका क्रममा बिहान साँढे चार बजेदेखि बेलुका साढे नौ बजेसम्म १७ घन्टाको समयतालिका अनुशरण गर्नुपर्छ। विश्रामको समय पनि निश्चित हुन्छ। ध्यानबाट अलौकिक शक्तिको दर्शन र कल्पना भने विपश्यनाले गर्दैन। तत्कालको सत्यलाई स्विकार्न भन्छ। बुद्धका चार आर्यसत्यलाई केन्द्रमा राखिन्छ।

ध्यान केन्द्र प्रवेशसँगै मोबाइल स्विच अफ गरेर केन्द्रको जिम्मा लगाइयो। अब न हातमा घडी न साथमा मोबाइल। घन्टीको भरमा समयतालिकाअनुसार काम सुरु भयो। साँझबाट साधनामा आर्यमौन पालना गर्न लगाइयो। आर्यमौनलाई शरीर मन र वाणीको मौनताको रूपमा लिइन्छ। साधनाको पहिलो दिनबाट बोल्न, शारीरिक संकेत या लेखेर पनि एक साधकले अर्कासँग सम्पर्क स्थापना गर्न हुँदैन। अर्थात् १० दिनसम्म न बोल्न पाइयो न कुनै संकेत गर्न नै। साधनामा हरेक साधकलाई एक्लो साधनामा लाग्नुपर्ने हुन्छ। १० दिनसम्म एकै कोठामा बसेका खोटाडका विकास श्रेष्ठ र मैले १० दिनपछि मात्र एकअर्काका नाम र ठेगाना सोधेका थियौं।



> अब न हातमा घडी न साथमा मोबाइल। घन्टीको भरमा समयतालिकाअनुसार काम सुरु भयो। साँझबाट साधनामा आर्यमौन पालना गर्न लगाइयो। आर्यमौनलाई शरीर, मन र वाणीको मौनताको रूपमा लिइन्छ। साधनाको पहिलो दिनबाट बोल्न, शारीरिक संकेत या लेखेर पनि एक साधकले अर्कासँग सम्पर्क स्थापना गर्नुहुँदैन।

झुक्किएरबाहेक एकअर्काका अनुहार पनि हेरिएन। साधनामा ध्यान दिन आवश्यक हुन्छ। कम बोल्ने बानी यहाँ असाध्यै उपयोगमा आउनेरहेछ। यसपछि बाहिरी संसारमा के भए अत्तोपत्तो रहेन। हरबखत खबरका लागि भौंतारिने मन आफैंभित्रको सत्यको खोजमा अभ्यस्त हुन थाल्यो। बाहिरी संसारमा के-के भए केही थाहा थिएन। यति थाहा थियो, आकाश खसेको छैन, धर्ती भासिएको छैन!

नबोलेरै पनि सयौं मानिसको व्यवस्थापन र सबैले आफ्नो काम चुपचाप गरिरहेका थिए। बोली बन्द हुँदा मान्छेका अहंकारहरू यसै चुप लाग्नेरहेछन्। को के, कुन पद, कुन ओहोदा कुन पेसा व्यवसाय कुन जात धर्म, धनी गरिब सबै समान। परिचयका नाममा साधक र सेवक मात्र। यो १० दिन हामीले भिक्षुको जीवन अनुभूत गरिरहेका थियौं। सात्विक भोजनको आनन्द अर्कै हुनेरहेछ। ध्यान केन्द्रको गतिविधिले कहिल्यै बाहिर दसैँको रौनक छ भन्ने महसुस गराएन। ध्यान केन्द्रमा राजनीतिज्ञ, प्रशासक, कानुन व्यवसायी र विद्यार्थी नै धेरै थिए। शिविरमा पछिल्लो पुस्ताकै बाहुल्य थियो। पटक-पटक शिविर दोहोऱ्याउनेहरू पनि थिए। २२ पटकसम्म आउने साधक पनि भेटिए। अभिमुखीकरणमा हामीलाई भनिएको थियो- आफ्नो श्वासका कारणले समेत कसैलाई असर नपरोस्। यदि कसैबाट जान-अन्जानमा त्यस्तो हुन गए भूलवश भएको मानी क्षमा गरेर आफ्नो साधनामा लाग्नुहोस्।

०००

साधना आनापानाको अभ्यासबाट सुरु हुन्छ। पहिलो तीन दिन क्रमशः स्वाभाविक श्वासको जानकारी राख्न, श्वासको स्पर्श थाहा पाउन, माथिल्लो ओठ र नाकद्वारबीचको तिनकुने भागमा समवेदना जान्न सिकाइयो। यसक्रममा मनलाई वशमा राख्न सिकाइँदोरहेछ। तर, चञ्चले मन कहाँ सजिलो टिक्दोरहेछ र भागेको थाहा पाएपछि फेरि फर्काएर काममा लगाउनुपर्थ्यो। भागिरहने मनको पुरानो स्वभावलाई फर्काउन निरन्तर अभ्यास आवश्यक हुन्छ। तीन दिनको अभ्यास यसैमा केन्द्रित हुन्छ। चौथो दिन विपश्यना दिइयो। यसवेला मनको सहायताले शरीरको यात्रा गर्न सिकाइयो। अभ्यासको क्रमिकताले मनलाई शिरदेखि पाउसम्म र पाउदेखि शिरसम्मका अंग-प्रत्यंगमा भइरहेका समवेदना जान्न उपयोगमा ल्याइन्छ। महसुस हुने प्रिय-अप्रिय समवेदनालाई कुनै प्रतिक्रिया नगरी जान्न मात्र लगाइन्छ। यस क्रममा अनित्यबोध अर्थात् कुनै पनि समवेदना सधैं रहिरहँदैनन् उत्पत्ति र व्यय हुन्छ भन्ने आधारमा त्यसलाई तटस्थ रहेर साक्षीभावबाट हेर्न सिकाइन्छ। यसबाट सुखद समवेदना थाहा हुँदा राग पैदा नगर्न र दुःखद समवेदना आउँदा द्वेष पैदा नगरी समता पुष्टि गर्न सिकाइन्छ। यसले मनको गहिराइमा संग्रहित विकार बाहिर निकाल्न र नयाँ राग र द्वेषको संस्कार विकास नगर्न अभ्यास गराइन्छ। जीवनमा आइपर्ने संकटलाई पनि साक्षीभावले स्विकार्दा दुःखबाट पार पाउने बाटो देखाउँछ।

पाँचौं दिनबाट अधिष्ठान, अर्थात् दृढ निश्चय गरेर शरीरमा जस्तो समवेदना महसुस हुँदा पनि आशन परिवर्तन नगरी घन्टौं सामूहिक साधना गर्न लगाइन्छ। यो धेरैका लागि कष्टकर बन्नेरहेछ, यसक्रममा शरीरमा महसुस हुने दुखाइलाई उपेक्षा गर्दै बस्नुपर्ने हुन्छ। तर, बिस्तारै ती समवेदनाहरूको असर कम हुँदै गएको महसुस हुनेरहेछ। त्यसपछिका बाँकी दिन विभिन्न तरिकाबाट शरीरका अंगप्रत्यंगमा समवेदनालाई महसुस गर्न सिकाइयो। क्रमिक रूपमा शरीरमा मन दौडाएर हरबखतका समवेदनालाई अन्तरमनसम्म पुगेर धाराप्रवाह अनुभूत हुनेरहेछ। अन्तिम अणु जसलाई कुनै टुक्रा पार्न सकिँदैन, त्यसलाई वुद्धले अष्टकलाव नाम दिएका छन्। यहाँसम्मको अवस्था जानेर शरीर प्रकृतिको कानुनमा निर्भर रहन्छ, आफ्नो नियन्त्रणमा हुँदैन, म र मेरोको अहंकार बेकार छ भन्नेसम्मको अवस्था महसुस गराउने अभ्यास गराइन्छ। यी अनुभूतिको तह आफैंले गर्ने अभ्यासमा भर पर्छ।

आर्यमौन दशौं दिनमा तोडियो आ-आफ्ना अनुभव साटिए। सबै प्राणीजगतको कल्याणको कामना गर्दै मंगलमैत्रीको साधनासँगै ध्यान सकियो। साधना सकेर निस्कँदा सबैका अनुहार धपक्क बलेका देखिन्थे। दसैँ सकिसकेको थियो। त्यसपछि यत्तिका दिन शान्त सबैमा फेरि आ-आफ्नै दौडधुप सुरु। साधनाको ११औं दिन बिहान मोबाइल हात लाग्यो। रुममेट विकासले मोबाइल खोल्नेबित्तिकै जानकारी पाए आमा साह्रै बिरामी पर्नुभएको रहेछ, घर गइहाल्नुपर्ने भयो। प्लेनको टिकटका लागि फोन घुमाउन थाले।

अभ्यासका क्रममा यी अनुभूति हुन्छन् कि विपश्याना 'फुल अफ रोमान्स' होइन, यो त लगनशील भई कर्ममा लागेर आफ्नै अनुभूतिबाट आफैंभित्र गरिने सत्यको खोज हो।

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार १६ मंसिर ०८०

नेवानिबाट ग्राउन्ड ह्यान्डलिङ सेवा खोसिँदै

टिआइएमा ग्राउन्ड ह्यान्डलिङका लागि प्रतिस्पर्धाबाट कम्पनी छनोट गर्ने नियमनकारी निकाय क्यानको तयारी

नवीन अर्याल / नयाँ पत्रिका

नेपाल वायुसेवा निगम (नेवानि)ले वर्षौंदेखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा दिँदै आएको 'ग्राउन्ड ह्यान्डलिङ' सेवा खोसिने भएको छ। नियमनकारी निकाय नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले निगमबाट 'ग्राउन्ड ह्यान्डलिङ' सेवा खोसेर प्रतिस्पर्धाका माध्यमबाट छनोट भएको संस्थामार्फत गराउने निर्णय गरेको छ।

विमानस्थल सेवा शुल्क नियमावली, २०७८ को नियम ५(२) बमोजिम ग्राउन्ड ह्यान्डलिङ सेवाका लागि प्रतिस्पर्धाबाट सक्षम कम्पनी छनोट गर्ने तयारी भएको क्यानका प्रवक्ता जगन्नाथ निरौलाले बताए। हालसम्म उक्त सेवा विनाप्रतिस्पर्धा नेपाल वायुसेवा निगमले उपलब्ध गराउँदै आएको थियो। निगमले गुणस्तरीय सेवा दिन नसकेको र ग्राउन्ड ह्यान्डलिङ सेवा पनि महँगो भएको गुनासो आइरहेपछि प्रतिस्पर्धाबाट अन्तर्राष्ट्रिय अनुभवप्राप्त कम्पनी छनोट गर्ने तयारीमा लागेको उनको भनाइ छ। निगम र क्यानबीच भएको सम्झौताअनुसार सन् २०२४ सम्म निगमले नै ग्राउन्ड ह्यान्डलिङ सेवा प्रदान गर्नेछ। सन् २०२४ पछिको सेवा प्रवाहका लागि क्यानले प्रतिस्पर्धाबाट सक्षम कम्पनी छनोट गर्ने तयारी थालेको हो।

युरोपेली आयोग (इयू)ले पनि नेपाली उड्डयन क्षेत्रलाई सुरक्षा चासो (कालोसूची)को लिस्टबाट हटाउन नमिल्ने कारणमध्ये एउटा राष्ट्रिय ध्वजावाहक एयरलाइन्सको सेवा प्रवाहलाई पनि आधार बनाएको छ। इयूले बिहीबार एयर सेफ्टी लिस्ट प्रकाशित गरी नेपाली उड्डयन क्षेत्रलाई कालोसूचीबाट हटाउन अस्वीकार गरेको छ, जहाँ नेपालमा दर्ता भएका सबै वायुसेवा कम्पनीहरू सुरक्षा चासोको लिस्टमा दोहोरिएका छन्।

इयूको एयरसेफ्टी कमिटीले क्यानलाई बुझाएको अडिट रिपोर्टमा निगमको वर्तमान संगठन संरचना, कार्यपद्धति, आर्थिक एवं प्राविधिक क्षमता, जनशक्ति एवं सेवा प्रवाहको गुणस्तर, सोको अभिलेखीकरणलगायत समग्र संस्थागत संरचनामा आमूल परिवर्तन गर्नु संस्थाको सुदृढीकरणका लागि आवश्यक रहेको औंल्याएको छ। अडिटमा औंल्याइएका उल्लिखित पूर्वसर्तहरूको प्रभावकारी कार्यान्वयन गरेर मात्रै अगाडि बढ्न सकिने भएकाले सो सम्बन्धमा संवेदनशील हुन पनि इयूले घचघच्याएको छ।

युरोपेली युनियनले नेपाललाई कालोसूचीबाट हटाउन अस्वीकार गरेको अर्को दिन नै क्यान निगमप्रति 'एक्सन'मा उत्रिएको हो। निगमको ग्राउन्ड ह्यान्डलिङ सेवाप्रति अन्तर्राष्ट्रिय वायुसेवा र यात्रुहरूले गुनासो गर्दै आइरहेका छन्। एयरपोर्टमा ब्यागेज चोरी तथा टुटफुट भएको गुनासो दिनहुँजसो आइरहने निगमकै विमानस्थलका कर्मचारी बताउँछन्।



निगमको नाफा-घाटा

आर्थिक वर्ष	वाइडबडी उडान	न्यारोबडी उडान	आन्तरिक उडान	ग्राउन्ड ह्यान्डलिङ	कुल नाफा-नोक्सान
०७९/८० (१० महिना)	-३ अर्ब २८ करोड	९५ करोड ७८ लाख	-५० करोड ९९ लाख	६६ करोड ७२ लाख	-२ अर्ब १६ करोड
०७८/७९	-३ अर्ब	८७ करोड ३४ लाख	-५५ करोड ९५ लाख	९८ करोड ७० लाख	-१ अर्ब ७० करोड
०७७/७८	-३ अर्ब ७३ करोड	-५४ करोड १३ लाख	-५६ करोड ४८ लाख	४३ करोड ३७ लाख	-४ अर्ब ४० करोड
०७६/७७	-४ अर्ब	-११ करोड ४८ लाख	-४६ करोड ६ लाख	९४ करोड ९३ लाख	-३ अर्ब ७७ करोड
०७५/७६	-३ अर्ब ५९ करोड	१९ करोड २ लाख	-४२ करोड ८७ लाख	१ अर्ब ३१ करोड	-२ अर्ब ६४ करोड
०७४/७५	-१ अर्ब ५३ करोड	४३ करोड	-२० करोड १७ लाख	१ अर्ब २६ करोड	-९ करोड

निगमलाई वायुयान सञ्चालनमा घाटैघाटा रहेको छ। निगमले ग्राउन्ड ह्यान्डलिङ सेवा प्रवाहबाट हुने आम्दानीले कर्मचारीलाई तलब खुवाउँदै आइरहेको छ। 'निगम जहाज उडाएर आम्दानी गर्नेतिरभन्दा ग्राउन्ड ह्यान्डलिङ सेवाबाट हुने आम्दानीमा रमाइरहेको छ,' निगम स्रोत भन्छ, 'निगमको फोकस नै जहाज उडाएर आम्दानी गर्नेभन्दा पनि ग्राउन्ड ह्यान्डलिङ बढ्दा देखिन्छ।'

ग्राउन्ड ह्यान्डलिङ बढ्दा निर्भर र केन्द्रित हुँदा निगम जहाजविहीन हुनुका साथै भएकै जहाज पनि पूर्ण क्षमतामा सञ्चालन गर्न नसक्ने स्थितिमा पुगेको देखिन्छ। निगमले त्रिभुवन विमानस्थलका अलावा पोखरा र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलमा पनि ग्राउन्ड ह्यान्डलिङ सेवा दिँदै आएको छ।

गत आर्थिक वर्षको पहिलो दश महिना (साउन-वैशाख)को तथ्यांक हेर्दा निगमलाई न्यारोबडी एयरबस-३२० उडान र ग्राउन्ड ह्यान्डलिङमा मात्रै नाफा देखिन्छ। १० महिनाको अवधिमा निगमलाई न्यारोबडी जहाजबाट ९५ करोड ७८ लाख र ग्राउन्ड ह्यान्डलिङ सेवा दिएबापत ६६ करोड ७२ लाख रुपैयाँ नाफा भएको छ। तर, दुईवटा वाइडबडी एयरबस-३३० जहाज उडाउँदा निगमलाई १० महिनामा तीन अर्ब २८ करोड र आन्तरिक उडानमा ६६ करोड ७२ लाख रुपैयाँ घाटा भएको देखिन्छ। निगमसँग अन्तर्राष्ट्रिय उडानका लागि दुईवटा न्यारोबडी र दुईवटा वाइडबडी तथा आन्तरिक उडानका लागि दुईवटा ट्विनअटर जहाज मात्रै रहेका छन्। आन्तरिक उडानका लागि भनेर चीनबाट ल्याइएका पाँचवटा जहाज आम्दानीभन्दा खर्च धेरै भएपछि ०७७ साउनदेखि ग्राउन्डेड गरिएको छ, जसका लागि वार्षिक ४८ करोड रुपैयाँ खर्च हुने गरेको पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षेत्री संयोजकत्वमा भएको एक अध्ययनले देखाएको छ।

ग्राउन्ड ह्यान्डलिङ सेवा खोसिनेबित्तिकै निगम व्यवस्थापनले कर्मचारीलाई तलबसमेत खुवाउन नसक्ने स्थिति सिर्जना हुने देखिन्छ। तर, निगम नेतृत्व भएका जहाजलाई पूर्ण क्षमतामा उडाउने, नयाँ-नयाँ गन्तव्य खोज्ने, सेवा चुस्त बनाउनेतर्फ भन्दा पनि कमिसनको चक्करमा महिनौंसम्म जहाज ग्राउन्डेड गराएर राख्ने गरेको छ।

'अहिलेसम्म निगमले विनाप्रतिस्पर्धा ग्राउन्ड ह्यान्डलिङ सेवा प्रवाह गर्दै आएको थियो, त्यसैले सेवा-सुविधा चुस्त बनाउनेतर्फ ध्यान नै दिएन,' क्यानका प्रवक्ता निरौलाले भने, 'अब गुणस्तरीय र सुलभ सेवा प्रवाहका लागि अन्तर्राष्ट्रिय अनुभवप्राप्त कम्पनी छनोट गर्छौं।' यसका लागि क्यानले अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गर्ने तयारी गरिरहेको छ।

पटक-पटक ताकेता गर्दा पनि सेवा प्रवाह चुस्त नभएको र लापरबाही बढेको भन्दै क्यानले निगमको एकाउन्टेबल म्यानेजरलाई स्पष्टीकरण सोधेको छ। 'तपाईंलाई एकाउन्टेबल म्यानेजर पदबाट किन नहटाउने ?' क्यानको पत्रमा उल्लेख छ। निगमले प्रस्ताव गरेको एकाउन्टेबल म्यानेजरलाई क्यानले स्वीकृति दिएर राख्ने गरिन्छ।

नयाँ पत्रिकाकर्मी कुँवरसहित ६ पत्रकार सम्मानित



काठमाडौं/ नयाँ पत्रिकाकर्मी मुना कुँवर सम्मानित भएकी छिन्। उनी सेजन छापामाध्यम अवार्डमार्फत सम्मानित भएकी हुन्। उनले नयाँ पत्रिकामा प्रकाशित समाचार 'श्रमिकको शवमा पनि ठगी' शीर्षकको समाचारबाट अवार्ड प्राप्त गरेकी हुन्। त्यस्तै, सेजन बोर्डकास्ट अवार्ड उज्यालो रेडियोका अर्जुन पोखरेल र सेजन डिजिटल अवार्ड क्लिकमान्डु डटकमका राजेश बर्माले प्राप्त गरेका छन्।

यस वर्षको सेजन अवार्ड कान्तिपुर दैनिकका पत्रकार मातृका दाहाल र देवेन्द्र भट्टराईले प्राप्त गरेका छन्। भुटानी शरणार्थी प्रकरणमा लेखिएको समाचारलाई यो अवार्ड दिइएको हो। भोला चालिसे लिबरल जर्नालिजम अवार्ड हिमाल खबरका रमेश कुमारले प्राप्त गरेका छन्। त्यस्तै, एक लाख रुपैयाँ राशिको स्व. सञ्जय न्यौपाने लेखनवृत्ति पुरस्कार कान्तिपुर दैनिकका यज्ञ बन्जाडेले प्राप्त गरेका छन्।

१० लाख पर्यटकको लक्ष्य भेटिँदै

काठमाडौं/ लगातार दुई महिना एक लाखभन्दा बढी पर्यटक नेपाल भ्रमणमा आएपछि यस वर्ष १० लाख पर्यटक भित्र्याउने सरकारी लक्ष्य पूरा हुने देखिएको छ। सन् २०२३ को नोभेम्बरसम्म जहाज चढेर नौ लाख १८ हजारभन्दा बढी पर्यटक नेपाल भित्रिएका छन्। अन्तिम महिना डिसेम्बरमा ८२ हजार पर्यटक आएमा १० लाख पर्यटक पुऱ्याउने लक्ष्य भेटिनेछ।

यसअघि सन् २०१९ मा हालसम्मकै धेरै ११ लाख ९७ हजारभन्दा बढी पर्यटक नेपाल भित्रिएको तथ्यांक छ। यही गतिमा पर्यटक आगमन बढ्दै गएमा सन् २०२४ भित्र कोभिडअघिकै अवस्थामा पुग्ने अनुमान लगाउन सकिन्छ। सरकारले सन् २०२० मा २० लाख पर्यटक भित्र्याउने महत्त्वाकांक्षी लक्ष्यसहित नेपाल भ्रमण वर्ष मनाउँदै थियो। तर, वर्षको सुरुवातदेखि कोभिड महामारी फैलिन थालेपछि विश्व पर्यटन नै थलिएको थियो। यस वर्षको नोभेम्बरमा विभिन्न देशबाट एक लाख आठ हजार ६ सय ३० पर्यटक नेपाल भित्रिएको पर्यटन बोर्डले जनाएको छ। अघिल्लो महिना अक्टोबरमा एक लाख १७ हजार तीन सय ६ पर्यटक नेपाल भ्रमणमा आएका थिए। पछिल्ला महिनाहरूमा पर्यटक आगमन निरन्तर बढ्दै गइरहेको तथ्यांकले देखाउँछ। सन् २०१९ को नोभेम्बरमा एक लाख ३० हजार तीन सय दुई पर्यटक आएका थिए। कोभिड महामारी फैलिन थालेपछि नोभेम्बर २०२० मा एक हजार नौ सय ५६, नोभेम्बर २०२१ मा २६ हजार एक सय ३५ र नोभेम्बर २०२२ मा ७२ हजार ६ सय ५३ पर्यटक नेपाल भ्रमणमा आएको पर्यटन बोर्डले जनाएको छ।

■ कुन देशबाट कति पर्यटक ?

नोभेम्बरमा पनि सबैभन्दा धेरै पर्यटक भारतबाटै भित्रिएका छन्। एक महिनामा जहाज चढेर २४ हजार चार सय ४३ भारतीय नेपाल घुम्न आएका छन्।

दोस्रो नम्बरमा रहेको अमेरिकाबाट ११ हजार चार सय ६१, चीनबाट सात हजार ६ सय एक, युनाइटेड किङडमबाट ६ हजार एक सय ३८, अस्ट्रेलियाबाट पाँच हजार ६०, थाइल्यान्डबाट तीन हजार नौ सय ६२, बंगलादेशबाट तीन हजार सात सय ६१, जर्मनीबाट तीन हजार पाँच सय १२, श्रीलंकाबाट तीन हजार दुई सय २८, फ्रान्सबाट तीन हजार दुई सय पाँच पर्यटक नेपाल घुम्न आएको पर्यटन बोर्डले जनाएको छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रत्ननगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचनाको त्रुटी सच्याउने सम्बन्धमा

यस रत्ननगर नगरपालिका, नगर कार्यपालिका कार्यालय, रत्ननगर, चितवनको मिति २०८०।०८।१५ को नयाँ पत्रिका दैनिकमा प्रकाशित बोलपत्र स्वीकृत गर्ने आशयको सूचनामा कबोल अंक तपसिल बमोजिम हुनु पर्नेमा अन्यथा भई फरक पर्न गएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल:

सि. नं.	कामको विवरण	बोलपत्रदाताको नाम र ठेगाना	कबोल गरेको रकम (भ्याट र पि.एस. सहित)
१	Construction of Swastheka Lagi Byayamsala Nirman Pratyak Wardma (Na.Gau. Yo.) 1 Dekhi 16 Ward, 16 Sthanma Nirman (Supply and Installation of Open Gym Instruments) (RAT/CHITWAN/ Works/NCB/07/2080-81)	श्री Power Product House Pvt. Ltd, Purano Thimi, Bhaktapur	रु.५९,६२,४०७९४ (उनान्साठी लाख बैसठ्ठी हजार चार सय सात रुपैयाँ पैसा चौरानब्बे मात्र ।)

प्रमुख प्रशासकीय अधिकृत

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित
घलेम्दी हाईड्रो लिमिटेड
GHALEMDI HYDRO LIMITED
रजिष्टर्ड कार्यालय, का.म.न.पा. वडा नं. १६, वनस्थली, काठमाण्डौ, फोन नं.९७७ ०१५९०२५२०
इमेलः ghalemdi@gmail.com वेभसाईटः www.ghalemdi.com
को
मिति २०८०/७/२ गतेसम्म कायम सावित शेयरधनीहरुका लागि
१ कित्ता शेयर बराबर नयाँ २ (१ : २) कित्ता शेयरको अनुपातमा १,१०,००,००० कित्ता
हकप्रद शेयर मिति २०८० मंसिर १० गतेदेखि निष्काशन भई रहेको
हकप्रद शेयरको आवेदन दिने अन्तिम म्याद
मिति २०८० पौष १ गते (बैंकिङ्ग समय) सम्ममात्र
अन्य विस्तृत जानकारीको लागि **मिति २०८०/७/२२ गतेको "कारोबार"** दैनिकमा प्रकाशित कम्पनीको हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना हेर्नुहुन अनुरोध गर्दछौं। साथै उक्त सूचना धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइटः www.muktinathcapital.com वा निष्काशन कम्पनीको वेभसाइटः www.ghalemdi.com मा हेर्नुहुन अनुरोध गर्दछौं।
धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः
मुक्तिनाथ क्यापिटल लि.
MUKTINATH CAPITAL LTD.
A Subsidiary of Muktinath Bikas Bank Ltd.
प्रधान कार्यालय, नारायणचौर, नक्साल, काठमाण्डौं
फोन नं. ४५४६९०८/०५/४५४६४७०
इमेलः info@muktinathcapital.com
वेभसाइटः www.muktinathcapital.com

सन् २०२४ का लागि सुरक्षित १५ गन्तव्य

बर्कसायर हाथवेको रिपोर्टमा १५ सुरक्षित गन्तव्यमध्ये पहिलोमा क्यानडा छ भने बाँकी युरोपेली देश छन्



मीनराज बसन्त/नयाँ पत्रिका

सन् २०१६ देखि निरन्तर पर्यटक शोध गर्दै आएको बर्कसायरले सुरक्षित गन्तव्य देशबाहेक हिंस्रक अपराधमुक्त, आतंककारीबाट सुरक्षित, यातायात सुरक्षा, स्वास्थ्य मापन, एलजिबिटीक्यूमैत्रीलगायतका शीर्षकमा पनि विभिन्न गन्तव्यको छनोट गरेको छ।

मानिसका अनेक रुचिमध्येको एउटा रुचि हो, पर्यटन। पर्यटन अर्थात् देश-देशावर घुम्नु। प्रकृतिसँग सन्निकट हुनु, जीवन र जगत् बुझ्नु। आफ्नो समयअनुकूल बनाई देश-विदेश घुम्ने आन्तरिक तथा बाह्य पर्यटकको संख्या बढ्दै गएको छ। विश्वमा प्रत्येक वर्ष करोडौं मानिस पर्यटक बनी घुम्न निस्कन्छन्। यिनैलाई लक्षित गरी पर्यटन उद्योग सञ्चालनमा छ।

कुनै पनि ठाउँ घुम्न निस्किँदा सबैभन्दा पहिले सम्बन्धित देशको सुरक्षामा चुनौती आउँछ। यसलाई आधार बनाएर मानिस देश-विदेशको यात्रा गर्छन्। यसैलाई मध्यनजर गर्दै बर्कसायर हाथवे ट्राभल प्रोटेक्सनले सन् २०२४ मा घुम्न सुरक्षित १५ गन्तव्यको सूची सार्वजनिक गरेको छ।

रिपोर्टमा भनिएको छ, 'यात्राका लागि सुरक्षित स्थान सुन्दा सामान्य लाग्छ। यद्यपि, समय सँगसँगै सुरक्षित गन्तव्यको परिभाषा परिवर्तन भएको छ। हाम्रो शोधअनुसार सुरक्षित स्थान त्यो थियो, जुन धेरै हदसम्म आतंककारी गतिविधिबाट मुक्त थियो। त्यसपछि बीचमा कोभिड महामारी आयो। त्यसले प्राकृतिक प्रकोपमुक्त गन्तव्य बनायो। र, अहिले सबै प्रकारका मानिस विनाभेदभाव या उत्पीडन स्वतन्त्र रूपमा घुम्न सक्नु नै सुरक्षित स्थान हुन्।'

सुरक्षित गन्तव्यको परिभाषा विकसित भएसँगै विश्वका सुरक्षित स्थान पनि विकसित भएका छन्। स्वतन्त्र ढंगले घुम्न पाउनु, रोगमुक्त रहनु र गम्भीर मौसमी घटनाबाट सुरक्षित रहने गन्तव्य बर्कसायरले खोजेको छ। स्टेट अफ ट्राभल इन्स्योरेन्स रिसर्चका आधारमा बर्कसायरले पर्यटकका लागि १५ सर्वाधिक सुरक्षित गन्तव्य तोकेको बताएको छ।

रिपोर्टमा सार्वजनिक भएका १५ सुरक्षित गन्तव्यमध्ये पहिलो नम्बरमा क्यानडा छ। धेरै सुरक्षित देशको सूचीमा युरोपेली देश छन्। यद्यपि, सबभन्दा सुरक्षित देश भने क्यानडा बनेको छ। क्यानडापछि दोस्रोमा स्विट्जरल्यान्ड र तेस्रोमा नर्वे छ। त्यसपछि क्रमशः चौथो आयरल्यान्ड, पाँचौं नेदरल्यान्ड्स, छैटौं बेलायत, सातौं पोर्चुगल र आठौं गन्तव्य देशमा डेनमार्क छ। त्यसैगरी, नवौंमा आइसल्यान्ड, १०



औं अस्ट्रेलिया, ११औं न्युजिल्यान्ड, १२औं जापान, १३औं फ्रान्स, १४औं स्पेन र १५औं नम्बरमा ब्राजिल रहेका छन्।

बर्कसायरले सार्वजनिक गरेको सुरक्षित गन्तव्यको सूचीमा युरोपेली देश धेरै छन्। दोस्रो नम्बरको स्विट्जरल्यान्डदेखि नवौं आइसल्यान्डसम्मका क्षेत्र युरोपेली देशभित्र पर्छन्। त्यसबाहेक १३औं फ्रान्स र १४औं नम्बरको सुरक्षित गन्तव्य देश स्पेन पनि युरोपभित्रै पर्छन्।

■ युएई बाहिरियो, पोर्चुगलसहित चार देश सूचीमा

बर्कसायरले सन् २०२३ का लागि पनि २०२२ मा १५ सुरक्षित गन्तव्य देशको सूची सार्वजनिक गरेको थियो। सो सूचीमा पहिलोमा नेदरल्यान्ड्स थियो। त्यसपछि क्रमशः डेनमार्क, आइसल्यान्ड, अस्ट्रेलिया, नर्वे, क्यानडा, जर्मनी, स्विडेन, स्विट्जरल्यान्ड, न्युजिल्यान्ड, स्पेन, आयरल्यान्ड, युएई, बेलायत र बेल्जियम थिए।

तर, सन् २०२३ का लागि सुरक्षित देशमध्ये पहिलो स्थानमा रहेको नेदरल्यान्ड्स २०२४ का लागि पाँचौं स्थानमा छ। त्यस्तै, गत वर्ष दोस्रो नम्बरमा रहेको डेनमार्कको स्तर खस्किएर अहिले आठौं नम्बरमा पुगेको छ। गत वर्ष शीर्ष १५ को सुरक्षित गन्तव्यको सूचीमा रहेका युनाइटेड अरब इमिरेट्स (युएई) यो वर्ष पर्न सकेन। त्यस्तै, पोर्चुगल, फ्रान्स र ब्राजिल आगामी वर्षको गन्तव्यमा नयाँ देशका रूपमा थपिएका छन्। बर्कसायरको सूचीमा एसियाबाट यसपटक जापानले बाजी मारेको छ। सन् २०१६ देखि निरन्तर पर्यटक शोध गर्दै आएको बर्कसायरले सुरक्षित गन्तव्य देशबाहेक हिंस्रक अपराधमुक्त, आतंककारीबाट सुरक्षित, यातायात सुरक्षा, स्वास्थ्य मापनलगायतका शीर्षकमा पनि विभिन्न गन्तव्यको छनोट गरेको छ।

■ विश्वभर कति मानिसले यात्रा गर्छन् ?

विश्व पर्यटन संगठनका अनुसार गत वर्ष विश्वभर नौ करोड ६० लाखभन्दा बढीले यात्रा गरे। त्यस्तै, यो वर्षको पहिलो तीन महिनामा दुई करोड ३५ लाखभन्दा बढी पर्यटकले यात्रा गरेका छन्, जुन गत वर्षको पहिलो तीन महिनाको तुलनामा झन्डै दोब्बरले बढी हो। अर्थात्, कोभिडपूर्वको दुईतिहाइ (६६ प्रतिशत) रिकभर भएको संगठनको तथ्यांक छ।

Infomerics Ratings Nepal
इन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपाल लिमिटेड
रजिष्टर्ड कार्यालय : का.म.न.पा. वडा नं १०, बानेश्वर हाइट्, काठमाडौं
फोन नं : ०१-४५८५५०६

तेस्रो बार्षिक साधारणसभा बस्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०८/१६

श्री शेयरधनी महानुभावहरु,

यस कम्पनीको संचालक समितिको मिति २०८०/०६/२२ गते बसेको बैठकको निर्णयानुसार कम्पनीको तेस्रो बार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न बिषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. सभा हुने मिति, स्थान र समय :

मिति : २०८० साल पौष ११ गते, बुधबार (तदनुसार २७ डिसेम्बर, २०२३)
स्थान : इन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपाल लिमिटेडको कार्यालय, बानेश्वर हाइट, काठमाडौं
समय : दिनको १२:४५ बजे

२. छलफलका बिषयहरु :

(क) सामान्य प्रस्तावहरु :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यू बाट प्रस्तुत हुने आ.व. २०७९/८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७९/८० को आर्थिक विवरण उपर छलफल गरी पारित गर्ने।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८०/८१ को हरहिसाबहरु लेखापरीक्षण गर्न लेखापरीक्षक निर्युक्ति गरी निजको पारिश्रमिक निर्धारण गर्ने।

(ख) विविध

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

का.जि.द.नं.१२८/७६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०
शनिबार १६ मंसिर ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

नेपालमा विश्वकप लिग–२ को पहिलो सिरिज

सन् २०२७ को एकदिवसीय विश्वकप क्रिकेटको छनोटअन्तर्गत लिग-२ लाई रोडम्यापका रूपमा लिइएको छ, प्रतियोगिताको पहिलो सिरिज नै आगामी ५ फागुनमा काठमाडौंमा हुनेछ

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले सन् २०२७ को एकदिवसीय विश्वकप क्रिकेट प्रतियोगिताको रोडम्याप तयार गरेको छ। रोडम्यापअन्तर्गत आइसिसी विश्वकप लिग-२ को पहिलो सिरिज नै नेपालमै हुने भएको छ। नेपाल क्रिकेट संघ (क्यान)का अनुसार विश्वकप लिग-२ को पहिलो सिरिज ५ फागुनबाट काठमाडौंको त्रिवि क्रिकेट मैदानमा हुनेछ। नेपालले आयोजना गर्ने लिग-२ को पहिलो सिरिजमा नेदरल्यान्ड्स र नामिबियाले सहभागिता जनाउने आइसिसीले जनाएको छ।

नेदरल्यान्ड्स यसै महिना भारतमा सकिएको एकदिवसीय विश्वकप क्रिकेटमा सहभागी भएको राष्ट्र हो। विश्वकपमा नेदरल्यान्ड्स सहभागी राष्ट्रमध्ये पुछारमा रह्यो। नेदरल्यान्ड्सले नौ खेलमा दुई-दुई जित मात्र निकाल्यो। नामिबियाको सिनियर क्रिकेट टोली अर्को वर्ष वेस्ट इन्डिज र अमेरिकाले संयुक्त रूपमा आयोजना गर्ने आइसिसी टी-२० विश्वकपमा स्थान पक्का गरेको टोली हो। विश्वकप लिग-२ सिरिज जुन २०२७ सम्म चल्नेछ।

सन् २०२३ को एकदिवसीय विश्वकप छनोट चरण स्थान पक्का गर्न एसोसिएटतर्फ एकदिवसीय मान्यताप्राप्त राष्ट्रहरूले प्रतिस्पर्धा गरेका थिए। त्यसवेला सात राष्ट्रले भाग लिएका थिए। सुपर लिगको १३औँ स्थानमा रहेको नेदरल्यान्ड्स लिग-२ मा घटुवा भएपछि आठ राष्ट्रले भाग लिन लागेका हुन्। नेदरल्यान्ड्सले पहिलोपटक लिग-२ नै खेल्न लागेको हो।

■ सुपर लिगमा नेदरल्यान्ड्स १३औँ स्थानमा

नेदरल्यान्ड्सले २०१९ देखि २०२३ सम्म १२ टेस्ट टोलीसँग सुपर लिग खेलेको थियो। जसमा सुपर लिगमा खराब प्रदर्शन गरेपछि नेदरल्यान्ड्स लिग-२ मा झरेको हो। पछिल्लोपटकको सुपर लिगमा नेदरल्यान्ड्सले २४ खेलमा तीन जित मात्र निकालेको थियो। नेदरल्यान्ड्सले २० खेलमा हारको सामना गर्दा ३५ अंक मात्र जोड्यो। पहिलो संस्करणको सुपर लिगमा वेस्ट इन्डिज, श्रीलंका, आयरल्यान्ड, जिम्बाबे र नेदरल्यान्ड्सले शीर्ष आठको स्थान रक्षा गर्न नसक्दा सन् २०२३ को एकदिवसीय विश्वकप छनोटमा भाग लिएका थिए। अघिल्लो संस्करणको लिग-२ को साबिक विजेता स्कटल्यान्ड, उपविजेता ओमान र तेस्रो स्थान प्राप्त गरेको नेपालसँगै नामिबिया र अमेरिका वर्गीकरणमा यथावत् नै रहेका छन्। यसपटक क्यानडा र युएई प्ले अफबाट स्थान पक्का गरेका राष्ट्र हुन्।

■ पहिलो संस्करणमा नेपाल तेस्रो

आइसिसीले एसोसिएटतर्फको अस्थायी रूपमा एकदिवसीय मान्यता प्रदान गरेका राष्ट्रहरूलाई एक्सपोजर दिन र उनीहरूका खेलाडीलाई व्यस्त बनाउन सन् २०२३ को एकदिवसीय क्रिकेटका लागि रोडम्यापअनुरूप विश्वकप लिग-२ अवधारणा ल्याएको थियो। यस अवधिमा नेपालले ३६ वटा एकदिवसीय खेल खेलेको थियो। लिगको अन्तिम चरणतिर नेपालको शीर्ष तीन स्थान पातलो बनिसकेको थियो। भारतीय टोलीका पूर्वअलराउन्डर मनोज प्रभाकरले नेपाली टोली छाडेपछि मोन्टी देसाईको आगमन भयो।

मुख्य प्रशिक्षकका रूपमा मोन्टीले नेपाली सिनियर टोली सम्हाले।



फाइल तस्बिर

■ त्रिकोणात्मक सिरिज

दोस्रो संस्करणको विश्वकप लिग-२ को फर्म्याट राउन्ड रोबिनअनुसार हुनेछ। प्रत्येक सहभागी राष्ट्रले एक-आपसमा प्रतिस्पर्धा गर्नेछन्। होन्ड एन्ड अवे फर्म्याटमा प्रतिस्पर्धा हुँदा विश्वकप लिग-२ मा समग्रमा एक सय ६८ खेल हुनेछन्। क्यानले लिग-२ को घरेलु मैदानमा पहिलो सिरिजका लागि तयारी थाल्ने जनाएको छ। सहभागी आठ राष्ट्रले त्रिकोणात्मक सिरिजका रूपमा खेल्नेछन्। नेपालले सबै देशसँग भ्रमण गर्नेछ। अघिल्लोपटकको लिग-२ मा शीर्ष तीन टोलीले सोझै विश्वकप छनोट खेल्न अवसर पाएका थिए। लिग-२ को ढाँचा, ओडिआई मान्यता निरन्तरता, विश्वकप छनोटमा सोझै कति टोली पुग्ने आइसिसीले स्पष्ट पारेको छैन। आइसिसीले २०२७ को विश्वकप रोडम्याप सार्वजनिक गर्दा यी सबै खुलाउनेछ। सन् २०२७ को विश्वकपमा १४ टोलीले प्रतिस्पर्धा गर्नेछन्। २०२७ को विश्वकप दक्षिण अफ्रिका, नामिबिया र जिम्बाबेले आयोजना गर्नेछन्।

उनले टोली नेतृत्व गर्दा नेपालको पाँचौँ स्थानसमेत बलियो थिएन। तर, मोन्टीले 'हयाप्पी ड्रेसिङ रुम' अवधारणा ल्याउँदा नेपालले विश्वकप लिग-२ मा अविस्मरणीय प्रदर्शन गऱ्यो। लगातार १२ मध्ये ११ खेल जित्दै नेपालले तेस्रो स्थान प्राप्त गऱ्यो। जिम्बाबेमा भएको एकदिवसीय विश्वकपको क्वालिफायरमा समेत स्थान पक्का गऱ्यो। तेस्रो स्थान पक्का गरेपछि नेपालले चार वर्षका लागि एकदिवसीय मान्यतासमेत रक्षा गरेको थियो।

नेपालले ३६ खेलमा ४० अंक बटुलेको थियो। जसमा १९ जित र १५ हारको सामना गऱ्यो। सो सिरिजमा नेपालका सन्दीपले एकै खेलमा अमेरिकाविरुद्ध सर्वाधिक ६ विकेट लिएका थिए। यसक्रममा उनले १६ रन खर्चेका थिए। पहिलो संस्करणको लिग-२ खेल्नेक्रममा पारस खड्का, ज्ञानेन्द्र मल्ल, सन्दीप लामिछाने र रोहित पौडेलले कप्तानी गरेका थिए। रोहितकै कप्तानीमा नेपालले लिग-२ को शीर्ष तीन स्थान रक्षा गरेको थियो।

सो प्रतियोगितामा नेपालका लेग स्पिनर विकेट लिने सूचीको दोस्रो स्थानमा रहे। उनले ३० इनिङ्समा ७२ विकेट हात पारेका थिए। लिग-२ अन्तर्गत १४०औँ खेलमा नेपालले युएईलाई नौ रनले हराउँदै विश्वकपको क्वालिफायरमा स्थान सुरक्षित गऱ्यो।

विश्वकप लिग-२ का सहभागी राष्ट्र

राष्ट्र	एकदिवसीय वरीयता
स्कटल्यान्ड	१२
नेदरल्यान्ड्स	१४
नेपाल	१५
नामिबिया	१६
अमेरिका	१७
ओमान	१८
युएई	१९
क्यानडा	-

मधेशले जित्यो प्रथम केपी ओली कप टी-२०



टूफी उचाल्दै मधेश प्रदेशका खेलाडी। तस्बिर : नयाँ पत्रिका

रोहितराज पराजुली/नयाँ पत्रिका

राष्ट्रिय क्रिकेट टोलीका खेलाडीले भरिपूर्ण त्रिभुवन आर्मी क्लबलाई ११ रनले हराउँदै मधेश प्रदेशले प्रथम केपी ओली कप टी-२० क्रिकेट प्रतियोगिताको उपाधि जितेको छ। मदन भण्डारी स्पोर्ट्स् एकेडेमीको आयोजनामा शुक्रबार पोखरा रंगशालास्थित क्रिकेट मैदानमा भएको फाइनलमा पहिलो ब्याटिङ गरेको मधेशले २० ओभरमा आठ विकेट गुमाएर एक सय ३५ रनको मध्यम योगफल तयार पारेको थियो। सहज देखिएको लक्ष्य पछ्याउन क्रिजमा ओर्लेको आर्मीले २० ओभरमा सात विकेटको क्षतिमा एक सय २४ रन मात्र बनाउन सक्यो।

राष्ट्रिय टोलीका कप्तान रोहित पौडेल, भीम सार्की, कुशल मल्ल, विनोद भण्डारी, सोमपाल कामी र विवेक यादव सम्मिलित आर्मीले मधेशविरुद्ध स्तरीय ब्याटिङ गर्न सकेन। आइसिसी टी-२० फर्म्याटमा १९औँ एसियाडमा शतकीय इनिङ्सको विश्व कीर्तिमान बनाएका कुशल शून्य रनमा आउट भएका थिए।


हरिशंकरको अलराउन्ड प्रदर्शन

मधेशलाई उपाधि दिलाउने क्रममा कप्तान हरिशंकर साहले उत्कृष्ट योगदान दिए। अलराउन्ड प्रदर्शन गरेका हरिशंकरले बलिङका क्रममा १९ रन खर्चेर चार विकेट र ब्याटिङमा २७ रनको योगदान दिए। आर्मीका लागि ओपनर सन्तोष कार्की, कप्तान विनोद भण्डारी, सोमपाल, विकेक र भीमले दोहोरो रन बनाए। सुरुवात राम्रो गरेको आर्मीले मध्यक्रमका ब्याट्सम्यानबाट साथ नपाउँदा लक्ष्यसम्म पार गर्न सकेन। सन्तोष र विनोदले पहिलो विकेटका लागि ४.४ ओभरमा ३२ रनको साझेदारी गरेका थिए।

इनिङ्सको एक समय आर्मी ७.३ ओभरमा ३९/२ को स्थितिमा थियो। त्यसपछि आर्मी ५७/३ बाट ५८/५ को कमजोर अवस्थामा पुग्यो। कप्तान विनोदले ३० बलमा ३२ रन जोडे। भीमले २१ बलमा २२ रन प्रहार गरे। सोमपालले १५ बलमा १६ रन र विवेकले १४ बलमा २५ रनको योगदान दिए। पहिलोपटक मधेशले उपाधि जित्दै पाँच लाख रुपैयाँ प्राप्त गरेको छ। उपविजेता आर्मीले दुई लाख ५० हजार रुपैयाँ हात पारेको छ। प्रतियोगितामा म्यान अफ द सिरिज घोषित हुँदै मधेशका कप्तान हरिशंकरले ३० हजार रुपैयाँ पाए। प्रतियोगिताको उत्कृष्ट ब्याट्सम्यान बागमतीका रित गौतम भए। उनले २० हजार रुपैयाँ पाए। यसैगरी, बागमतीका कप्तान सन्दीप लामिछानेले उत्कृष्ट बलर हुँदै २० हजार रुपैयाँ पाए।

मधेशको ब्याटिङमा सातौँक्रमका ब्याट्सम्यान विशाल पटेल अर्धशतकीय इनिङ्स खेल्न चुके। यद्यपि, उनी नटआउट रहे पनि एक रनले अर्धशतक बनाउनबाट वञ्चित भएका हुन्। उनले ३२ बलमा समान तीन चौका र दुई छक्का प्रहार गरी ४९ रन जोडे। सो इनिङ्मा हिमांशु दत्तले १४ बलमा १४ रन बनाए।

सबै प्रदेशको जित



हरिशंकर साह
कप्तान, मधेश

यो मधेस प्रदेशको मात्रै जित होइन, सबै प्रदेशको जित हो। हामीले यसै प्रतियोगिताबाट प्रदेशको टोलीले पनि बलियो विभागीय टोलीलाई जित्न सक्छन् भन्ने प्रमाणित गरेका छौं। फाइनलसम्म सबै खेलाडीले आ-आफ्नो तरिकाले तयारी गरे। राष्ट्रियस्तरको प्रतियोगिता प्रदेशबाट सहभागी टोलीले जित्नु ठूलो उपलब्धि हो, सहभागीमध्ये विभागीय टोलीमा धेरै राम्रा खेलाडी छन्। उनीहरूसँग राम्रो ट्रेनिङ र राम्रो डाइट हुन्छ। धेरैजसो राष्ट्रिय क्याम्पमा बसिरहेका हुन्छन्। हामीसँग भौतिक संरचना छैन। यसैकारण नै यो सबै प्रदेशको जित हो।

पाकिस्तानको छनोट कमिटीमा सलमान बट



सन् २०१० को स्पट फिक्सिङमा दोषी ठहरिएका पूर्वक्रिकेट सलमान बटलाई पिसिबीले छनोट कमिटीका अध्यक्षको प्रमुख सल्लाहकारमा नियुक्त गरेको छ

कराँची/ पाकिस्तान क्रिकेट बोर्ड (पिसिबी)ले अन्तर्राष्ट्रिय क्रिकेटमा स्पट फिक्सिङ गरी पाँच वर्ष जेल सजाय भोगेका सलमान बटलाई छनोट कमिटीको सल्लाहकारमा नियुक्त गरेको छ। छनोट कमिटीका प्रमुख वहाव रियाजको प्रमुख सल्लाहकारका रूपमा सलमानलाई जिम्मेवारी दिएको पिसिबीले जनाएको छ। पिसिबीले कमिटीमा पूर्वविकेटकिपर कमरान अकमल र राव इफिखारलाई पनि सल्लाहकारका रूपमा चयन गरेको छ।

सलमानले पाकिस्तानका लागि ३३ टेस्टमा एक हजार आठ सय ८९ रन बनाएका थिए। उनले ७८ एकदिवसीय खेलमा दुई हजार सात सय २५ रन जोडे। यसैगरी, अन्तर्राष्ट्रिय टी-२० मा उनले पाँच सय ९५ रन बटुलेका थिए। इन्डियन प्रिमियर लिगमा उनले कोलकाता नाइट राइडर्सबाट सात खेल खेल्दा एक सय ९३ रन जोडेका थिए।

सन् २०१० को लर्ड्स टेस्टमा स्पट फिक्सिङ काण्ड

सन् २०१० को सिजनमा सलमान उत्कृष्ट लयमा ब्याटिङ गरिरहेका थिए। यसै समयमा पाकिस्तानले इंग्ल्यान्डको भ्रमण गरेको थियो। लर्ड्स टेस्टमा उनले सट्टेबाज र बुकीसँग मिलेर 'स्पट फिक्सिङ' गरेका थिए। अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी) र पिसिबीको अनुसन्धानमा सलमान नै स्पट फिक्सिङमा संलग्न प्रमुख खेलाडीका रूपमा दोषी देखिए। अनुसन्धानका क्रममा तत्काल मोहमद आमिर र मोहमद आसिफसमेत फिक्सिङमा समावेश थिए। यद्यपि, सलमानलाई नै मुख्य दोषी मानिएको थियो। आइसिसीले उनलाई क्रिकेटको कुनै पनि गतिविधिमा संलग्न हुन नपाउने गरी पाँच वर्ष प्रतिबन्ध लगायो। सन् २०१५ मा प्रतिबन्ध फुकुवा भएपछि उनले राष्ट्रिय टोलीमा स्थान बनाए।

नेपाल सुपर लिगमा चितवनको पहिलो जित

रमेश सुवेदी/नयाँ पत्रिका

दोस्रो नेपाल सुपर लिग (एनएसएल)को आफ्नो तेस्रो खेलमा एफसी चितवनले पहिलो जित निकालेको छ। अघिल्लो संस्करणमा जितविहीन चितवनले दशरथ रंगशालामा एनएसएलमै पहिलो जित निकाल्ने क्रममा नयाँ टोली वीरगन्जविरुद्ध २-१ को रोमाञ्चक जित निकाल्यो। प्रतिस्पर्धामा तीनै गोल सानदार रहे। चितवनको जितमा विमल घर्तीमगर र टोरिक जेब्रिनले गोल गरे। वीरगन्जका आइकिन्स बाफोरले एक गोल फर्काए। चितवन चार अंकसहित पाँचौँ स्थानमा उक्लेको छ। दुई खेलमा पराजित वीरगन्ज आठौँ स्थानमा रह्यो।

समग्रमा चितवनले एनएसएलमा नौ खेल खेल्दा तीन खेल बराबरी खेलेको छ। पहिलो संस्करणमा भरत खवास मार्की रहेको चितवन मेघराज केसीको प्रशिक्षणमा रहेको थियो। चितवनका भारतीय प्रशिक्षक मेहराजुद्धिन वाडूले सबैको मिहिनेतले जित निकाल्न सफल भएको बताए। भारतीय राष्ट्रिय टोली हुँदै आइएसएल टोली चेन्नईको खेलाडी र प्रशिक्षक रहेका वाडूले जित सहज नभएको प्रतिक्रिया दिए।

'यो जित निकै महत्त्वपूर्ण रह्यो। सबैका लागि यो विशेष दिन हो,' उनले भने, 'आज भएका तीनै गोल उत्कृष्ट थिए। वीरगन्जले पनि राम्रो खेल्यो। हामी गोल गर्न सफल भयौं।' वीरगन्जका प्रशिक्षक सनोज श्रेष्ठले चितवनविरुद्ध कमजोरी सुधार गरेर खेले पनि फिनिसिङमा चुकेको बताए। उनले विदेशी खेलाडी घाइते हुँदा आक्रामक बलियो नभएको स्विकारे।

'पछिल्लो खेलमा भन्दा सुधार गरेर खेलेका छौं। तर, हामी फिनिसिङमा चुक्यौं,' सनोजले भने, 'विदेशी खेलाडी नै घाइते छन्। जसले गर्दा आक्रामणमा समस्या छ। लगातार खेल्दा भनै समस्या बढ्दै गएको छ।' यसअघि चितवनले पोखरा थन्डर्ससँग १-० ले पराजित हुँदा काठमाडौं रेजर्ससँग १-१ गोलको बराबरी खेलेको थियो।

विमलको अग्रता

दशरथ रंगशालामा शुक्रबार चितवनका आइकोनिक स्ट्राइकर विमललले २८औँ मिनेटमा १-० को अग्रता दिलाए। मिडफिल्डर रोशन रानामगरले निकालेको उत्कृष्ट 'थ्रु' बललाई नियन्त्रणमा लिँदै विमलले वीरगन्जका गोलरक्षक दीप कार्कीसँग 'वान भर्सेस वान' अवस्थामा उत्कृष्ट गोल गरे। एनएसएलकै लागि अस्ट्रेलियाबाट विमल स्वदेश फर्किएका हुन्। एनएसएलमा उनको पहिलो गोल हो। काठमाडौंविरुद्ध भारतीय रेफ्रीले विमललाई गोल दिए पनि त्यसलाई सच्याइएको छ। जुन गोल अफसाइड रहेको थियो।

खेलको ५५औँ मिनेटमा आइकिन्स बाफोरले वीरगन्जलाई १-१ को बराबरीमा फर्काए। विलियम आइसेडु ओपोकुको कर्नरमा बाफोरले हेडिङ गोल गरेका हुन्। खेलको ६८औँ मिनेटमा टोरिक जेब्रिनले चितवनलाई २-१ को अग्रता दिलाए। उनले विमलको पासमा गोल गरेका हुन्।

चितवनको प्रदर्शन

२-१	वीरगन्ज
१-१	काठमाडौं
०-१	पोखरा
१-२	काठमाडौं
१-२	पोखरा
०-२	विराटनगर
२-२	बुटवल-लुम्बिनी
०-३	धनगढी एफसी
१-१	ललितपुर



वीरगन्जविरुद्ध बल नियन्त्रण गर्दै चितवनका कप्तान तथा गोलरक्षक विशाल श्रेष्ठ। तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका


पूर्वप्रशिक्षक थापा रहेनन्

काठमाडौं/ राष्ट्रिय फुटबल टोलीका पूर्वप्रशिक्षक भीम थापाको निधन भएको छ। ७५ वर्षे थापाको बिहीबार राति हृदयाघातका कारण निधन भएको अखिल नेपाल फुटबल संघ (एन्फा)ले जनाएको छ। एन्फाको पूर्वटेक्निकल इाइरेक्टरसमेत रहेका थापा नेपाली राष्ट्रिय फुटबल टोलीको पहिलो पुस्ताका खेलाडी हुन्। सन् १९७१ मा जापानमा भएको एसियन च्याम्पियनसिपमा उनले नेपाली टोलीबाट प्रतिनिधित्व गरेका थिए। थापाले घरेलु फुटबलमा न्युरोड टिम (एनआरटी), ठमेल र महावीर क्लबबाट व्यावसायिक फुटबल खेलेका थिए।



खेल जीवनमा पनि उनी एन्फाको सहायक महासचिव बनेका थिए। एन्फा एकेडेमीको मुख्य योजनाकारमध्ये थापा थिए। उनले पटक-पटक राष्ट्रिय फुटबल टोलीको प्रशिक्षण सम्हालेका थिए। उनलाई नेपाल खेलकुद पत्रकार मञ्चले २०७० सालमा लाइभ टाइम एचिभमेन्ट अवार्डबाट सम्मानित गरेको थियो।





नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com